# अर्घाखाँची जिल्लाको सन्तुलित विकास सम्बन्धी अध्ययन प्रतिवेदन




## जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँची

## २०८३

# हार्दिक कृतज्ञता ज्ञापन




यस **"अर्घाखाँची जिल्लाको सन्तुलित विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०८३"** लाई सन्तुलित र तथ्यपरक रूपमा तयार पार्ने क्रममा नीतिगत मार्गदर्शन, स्थलगत समन्वय र रचनात्मक सुझाव प्रदान गर्नुहुने अर्घाखाँची जिल्लाका ६ वटै स्थानीय तहका आदरणीय जनप्रतिनिधिज्यूहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। सन्तुलित विकासका पाँच प्रमुख आयामहरू (आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, र सुशासन) का चुनौती र सम्भावनाबारे कार्यपालिका स्तरको नीतिगत बहस र छलफलमा सक्रिय सहभागी भई आ-आफ्नो पालिकाको वस्तुस्थिति र भावी कार्यदिशा पहिल्याउन अमूल्य नेतृत्वदायी भूमिका खेल्नुहुने सन्धिखर्क, शितगंगा र भूमिकास्थान नगरपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरू, एवं छत्रदेव, पाणिनी र मालारानी गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षज्यूहरू प्रति विशेष आभार व्यक्त गर्दछु।

त्यसै गरी, अध्ययनका लागि आवश्यक विषयगत प्रतिवेदन, बजेट विनियोजनको यथार्थ विवरण र SuTRA प्रणालीमा आधारित वित्तीय तथ्याङ्कहरू उपलब्ध गराई प्राविधिक तथा प्रशासनिक पाटोमा अहोरात्र सहयोग पुऱ्याउनुहुने ६ वटै स्थानीय तहका राष्ट्रसेवक कर्मचारीज्यूहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं। पालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूहरू, योजना शाखा प्रमुखहरू, आर्थिक प्रशासन शाखाका कर्मचारीहरू तथा कार्यक्षेत्रमा खटिनुहुने वडा सचिवज्यूहरूले स्थलगत अध्ययन, सरोकारवालाहरूसँगको छलफल र प्रश्नावली भर्ने कार्यमा पुऱ्याउनुभएको सक्रिय सहयोग तथा सहजीकरण बिना यो प्रतिवेदनले पूर्णता पाउन सम्भव थिएन।

अन्त्यमा, जिल्ला स्तरमा स्थानीय तहहरूबीचको नीतिगत समन्वय, विकास निर्माणको अनुगमन र प्रतिवेदनको रूपरेखा तयार पार्न मुख्य प्रशासनिक एवं समन्वयकारी भूमिका खेल्नुहुने जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँचीका जिल्ला समन्वय अधिकारीज्यू प्रति विशेष कृतज्ञता प्रकट गर्दछु। साथै, प्रतिवेदनलाई तथ्याङ्क व्यवस्थापन, सम्पादन र प्रशासनिक परिमार्जनमा निरन्तर सहयोग पुऱ्याउनुहुने जिल्ला समन्वय समितिका व्यवस्थापन शाखा तथा अनुगमन तथा मुल्याङ्कन शाखाका सम्पूर्ण कर्मचारी मित्रहरू र सरोकारवाला सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**जीवनारायण कोईराला**
**(प्रमुख)**
जिल्ला समन्वय समिति, अर्घाखाँची



# कार्यकारी संक्षेप (Executive Summary)

नेपालको संविधानले परिकल्पना गरे बमोजिम स्थानीय तहको सबलीकरण र सन्तुलित प्रादेशिक विकासको मर्मलाई आत्मसात् गर्दै अर्घाखाँची जिल्लाका ६ वटै स्थानीय तहको समग्र विकासको अवस्थालाई वस्तुपरक ढङ्गले मूल्याङ्कन गर्न यो " **अर्घाखाँची जिल्लाको सन्तुलित विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०८३**" तयार पारिएको छ। जिल्ला समन्वय समिति, अर्घाखाँचीको संवैधानिक म्यान्डेट अनुसार जिल्ला भित्रका स्थानीय तहहरूबीच विकास निर्माणका काममा सन्तुलन कायम गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्यहरू (दिगो विकास लक्ष्य - SDG) लाई स्थानीयकरण गर्न यो अध्ययन केन्द्रित रहेको छ। प्रतिवेदनले जिल्लाको विकासलाई मुख्यतया पाँचवटा स्तम्भहरूः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, र सुशासन तथा संस्थागत विकासमा वर्गीकरण गरी गहन विश्लेषण गरेको छ।

अध्ययनका क्रममा सुशासन र प्राविधिक सुदृढीकरणका क्षेत्रमा पालिकामा सब-नेसनल ट्रेजरी रिफर्म एप्लिकेसन (**SuTRA**) प्रणाली र अन्य डिजिटल प्रणालीको प्रयोग उत्साहजनक पाइए तापनि दिगो विकास लक्ष्य (SDG) को व्यावहारिक कोडिङ र म्यापिङमा अझै प्राविधिक स्पष्टता आवश्यक रहेको देखिएको छ। त्यस्तै, पूर्वाधार विकास तर्फ बजेटको ठुलो हिस्सा सडक र भौतिक निर्माणमा मात्र केन्द्रित हुँदा लक्षित र सीमान्तकृत वर्गको सामाजिक विकास, उद्यमशीलता प्रवर्द्धन, जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन जस्ता संवेदनशील वातावरणीय क्षेत्रहरू उपेक्षित भई विकासमा असन्तुलन पैदा भएको निष्कर्ष यस प्रतिवेदनले निकालेको छ।

यस पृष्ठभूमिमा, अर्घाखाँची जिल्लालाई आर्थिक र सामाजिक रूपमा समृद्ध बनाउन प्रतिवेदनले केही रणनीतिक सुझावहरू अघि सारेको छ। अबका वार्षिक बजेट र आवधिक योजनाहरूलाई केवल भौतिक पूर्वाधारमा मात्र सीमित नराखी दिगो विकास लक्ष्यसँग पूर्ण रूपमा आबद्ध (SDG Localization) गर्दै SuTRA प्रणालीमा योजनागत कोडिङलाई अनिवार्य र प्रभावकारी बनाउनुपर्ने देखिन्छ। भौगोलिक र जनसंख्याको वस्तुनिष्ठ सूत्रका आधारमा प्रत्येक वडामा न्यायोचित बजेट विनियोजन गर्न आवश्यक देखिन्छ। जिल्ला समन्वय समितिको तर्फबाट यस प्रतिवेदनमा समेटिएका सिफारिसहरूलाई ६ वटै स्थानीय तहले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी 'समृद्ध अर्घाखाँची' निर्माणको साझा संकल्प पूरा गर्न यो प्रतिवेदन कोसेढुङ्गा सावित हुने विश्वास लिएको छ।

**केशब ज्ञवाली**
**(जिल्ला समन्वय अधिकारी)**
जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँची

**विषयसूची**

**(Table of contents)**


अध्याय १ परिचय (Introduction) ........................................................................ १

१.१ पृष्ठभूमिः ........................................................................................ १

१.२ जिल्लाको सामान्य परिचयः ........................................................................ २

१.३ अध्ययनको आवश्यकताः ........................................................................ ४

१.४ अध्ययनको उदेश्यः ........................................................................ ५

१.५ अध्ययन सम्बन्धी कानूनी व्यवस्थाः ........................................................................ ६

१.६ अध्ययनको सीमाः ........................................................................ ६

अध्याय २ सन्तुलित विकास अध्ययन विधि (Methodology) ........................................ ८

२.१ सूचना/तथ्याङ्कको स्रोतः ........................................................................ ८

२.२ तथ्याङ्क संकलनका उपकरण तथा विधिहरू (Data Collection Tools and Techniques) ........................................................................ ८

२.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण (Data Processing and Analysis) ............................ ९

अध्याय ३ अध्ययनको विश्लेषण(Analysis of Data) ................................................ १०

३.१ समग्र क्षेत्रगत विश्लेषणः ........................................................................ १०

अध्याय ४ अध्ययनको सारांश तथा सुझाव (Summary and Conclusion) ....................... २३

४.१ साराशं (Summary) ........................................................................ २३

४.२ निष्कर्ष तथा सुझावहरु(Conclusion and Recommendations ) ......................... २७

# अध्याय १ परिचय (Introduction)

## १.१ पृष्ठभूमिः

नेपाल सरकारको दीर्घकालीन राष्ट्रिय लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"** रहेको छ। यस सोच अन्तर्गत देशलाई आर्थिक रूपमा समृद्ध बनाउने मात्र नभई सामाजिक न्याय, समानता र क्षेत्रगत सन्तुलन कायम गर्दै नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने सरकारको मुख्य ध्येय छ। नेपालको संविधानले अंगीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा देशमा शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने संकल्प गरेको छ । त्यस्तै यस अर्घाखाँची जिल्ला समेटिएको लुम्बिनी प्रदेश सरकारले **"समृद्ध लुम्बिनी, आत्मनिर्भता र समाजवाद उन्मुख दिगो विकास"** को दीर्घकालीन सोच (Vision) अगाडि सारेको छ। प्रदेश सरकारको नीतिले कृषि, पर्यटन, र साना तथा घरेलु उद्योगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने र प्रादेशिक सन्तुलन कायम गर्ने लक्ष्य राखेको छ । संविधानले परिकल्पना गरे बमोजिम सिंहदरबारको अधिकार र विकासको प्रतिफल गाउँ-गाउँमा पुऱ्याउने मुख्य जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ। स्थानीय तहहरू नागरिकको सबैभन्दा नजिकको सरकार हुनुका साथै स्थानीय आवश्यकताको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा उनीहरूको भूमिका सर्वोपरि रहन्छ। यसरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सुशासन, सम्वृद्धि र विकासको सन्दर्भमा जनताको आकांक्षा पुरा गर्ने विभिन्न आयामहरुमध्ये एउटा आयाम समन्यायिक र सन्तुलित विकास हो । तर, विगत केही वर्षका विकास अभ्यासहरूलाई हेर्दा विकासको गति र लगानीमा सन्तुलन कायम हुन नसकेको र बजेटको ठुलो हिस्सा केवल भौतिक पूर्वाधार (विशेष गरी सडक निर्माण) मा मात्र केन्द्रित भई अन्य मानव विकासका संवेदनशील पक्षहरू ओझेलमा परेको देखिन्छ। नेपाल सरकारले स्थानीय तहहरुको मुल्याङ्कनका लागि स्थानीय सरकार कार्यसम्पादन मुल्याङ्कन प्रणाली (Local Government Performance Assessment System-LGPAS) का सुचकहरुको माध्यमबाट पनि सन्तुलित विकासमा कायम सहयोगी भुमिका निर्वाह गरेको भएतापनि सबै आयामहरु समेट्न नसक्ने कारण जिल्ला भित्रका स्थानीय तहहरूमा समन्यायिक, दिगो र सन्तुलित विकासको जग बसाल्न यो अध्ययन प्रतिवेदन तयार पारिएको हो।

सन्तुलित विकास केवल एउटा क्षेत्रको भौतिक प्रगति मात्र होइन । यो त आर्थिक, सामाजिक, र वातावरणीय पक्षहरूको समष्टिगत र न्यायोचित अन्तरसम्बन्ध हो। यस प्रतिवेदनले सन्तुलित विकासका पाँच प्रमुख आधारस्तम्भहरूलाई केन्द्रमा राखेर अर्घाखाँची जिल्लाको समग्र वस्तुस्थितिको विश्लेषण गरेको छः

१. **आर्थिक विकासः** स्थानीय उत्पादन, बजारीकरण, रोजगार सिर्जना, र आन्तरिक आय वृद्धि।
२. **सामाजिक विकासः** गुणस्तरीय शिक्षा, स्वास्थ्य, लैंगिक समानता र सीमान्तकृत वर्गको उत्थान तथा समावेशीकरण।
३. **पूर्वाधार विकासः** व्यवस्थित सडक, सरसफाई र सुरक्षित खानेपानी, सिँचाइ र आधुनिक सञ्चार तथा सूचना प्रविधिको विस्तार।
४. **वन, वातावरण तथा विपद् व्यवस्थापनः** जलवायु परिवर्तन अनुकूलन, जैविक विविधता संरक्षण, विपद् जोखिम न्युनीकरण र विपद् पूर्वतयारी ।
५. **सुशासन तथा संस्थागत विकासः** वित्तीय अनुशासन, पारदर्शिता, सहभागिता, जवाफदेहिता र डिजिटल प्रणालीको सबलीकरण।

यसका साथै, संयुक्त राष्ट्रसंघले तय गरेको दिगो विकास लक्ष्य (SDG) लाई स्थानीय तहको बजेट र योजनामा समाहित (SDG Localization) गर्नु आजको प्राथमिक आवश्यकता हो। स्थानीय तहले आफ्ना योजनाहरू सुत्र (SuTRA) प्रणालीमा प्रविष्टि गर्दा १७ वटा दिगो विकास लक्ष्यसँग तादम्यता मिलाई कोडिङ गर्ने अभ्यासलाई संस्थागत गर्न अझै पनि प्राविधिक र व्यावहारिक चुनौतीहरू विद्यमान छन्। अर्घाखाँची जिल्लाका ६ वटै स्थानीय तह (३ नगरपालिका र ३ गाउँपालिका) को भौगोलिक विकटता, बसाईँसराइको दर र उपलब्ध स्रोत-साधनको सीमितताका बीच विकासका प्राथमिकताहरू कसरी निर्धारण भइरहेका छन् र ती क्षेत्रहरूबीच कसरी सन्तुलन कायम गर्न सकिन्छ भन्ने कुराको पहिचान गर्नु नै यस अध्ययनको मुख्य प्रस्थानविन्दु हो। जिल्ला समन्वय समिति, अर्घाखाँचीको तर्फबाट गरिएको यो अध्ययनले जिल्ला भित्रका अन्तर-पालिका र अन्तर-वडा तहमा रहेका विकासका असमानताहरूलाई न्यूनीकरण गर्दै आगामी वर्षहरूको नीति, कार्यक्रम र बजेटलाई थप व्यावहारिक एवं सन्तुलित बनाउन ठोस मार्गचित्र प्रदान गर्नेछ।

## १.२ जिल्लाको परिचयः

### ➢ भौगोलिक अवस्थिति र सिमानाः

- **अवस्थितिः** यो जिल्ला पहाडी भू-भागमा अवस्थित छ, जसको सदरमुकाम सन्धिखर्क हो । यस जिल्लाको कुल क्षेत्रफल ११९३ बर्ग किलोमिटर रहेको छ । समुन्द्री सतहदेखि ३०६ मिटर देखि २५१५ मिटरसम्मको उचाईमा अवस्थित छ ।
- **सिमानाः** यसको पूर्वमा पाल्पा, पश्चिममा प्युठान र दाङ, उत्तरमा गुल्मी र दक्षिणमा कपिलवस्तु र रुपन्देही जिल्लाहरू पर्दछन्। भौगोलिक रूपमा यो रणनीतिक मोडमा रहेको छ, जसले पहाड र तराईलाई जोड्ने काम गर्दछ।

## ➢ प्रशासनिक विभाजनः

जिल्लालाई एक प्रतिनिधि सभा निर्वाचन क्षेत्र तथा दुई प्रदेश सभा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ भने समन्यायिक विकास र प्रशासनिक सुगमताका लागि ६ वटा स्थानीय तहमा विभाजन गरिएको छ, जसमा ३ वटा नगरपालिका र ३ वटा गाउँपालिका रहेका छन्:

- **नगरपालिकाहरू:** सन्धिखर्क नगरपालिका (सदरमुकाम समेत), शितगंगा नगरपालिका (क्षेत्रफलको आधारमा नेपालकै सबैभन्दा ठुलो नगरपालिका), र भूमिकास्थान नगरपालिका।
- **गाउँपालिकाहरू:** छत्रदेव गाउँपालिका, पाणिनि गाउँपालिका, र मालारानी गाउँपालिका।

## ➢ जनसांख्यिक तथा सामाजिक अवस्थाः

- **जनसंख्या र बसाइँसराइः** राष्ट्रिय जनगणना २०७८ अनुसार अर्घाखाँचीको जनसंख्या करिब १,७७,०८६ रहेको छ। जसमा महिलाको संख्या ९६,४१४ र पुरुषको संख्या ८०,६७२ रहेको छ । घरधुरी संख्या ४८,४६५ रहेका छन भने औसत जनघनत्व १४८ जना प्रति बर्ग किलोमिटर रहेको छ । हालका वर्षहरूमा यस जिल्लाबाट तराई (विशेष गरी रुपन्देही र कपिलवस्तु) तथा वैदेशिक रोजगारीका लागि हुने तीव्र बसाइँसराइले गर्दा जनसंख्या वृद्धिदर ऋणात्मक देखिएको छ, जुन जिल्लाको सन्तुलित विकासका लागि मुख्य चुनौती बनेको छ।
- **साक्षरता र समाजः** जिल्लाको साक्षरता दर उच्च (करिब ८०% भन्दा माथि) रहेको छ। यहाँ विभिन्न जातजाति र धर्मावलम्बीहरूको सद्भावपूर्ण बसोबास रहेको छ।

## ➢ आर्थिक र प्राकृतिक स्रोतः

- **कृषि तथा पशुपालनः** यहाँका बहुसंख्यक नागरिकको मुख्य पेसा कृषि र पशुपालन हो। सुन्तला, कफी, अदुवा र तरकारी खेतीका लागि यो जिल्ला प्रख्यात छ।
- **वन र खनिजः** शितगंगा र आसपासका क्षेत्रमा व्यापक वन पैदावार (काठ, जडीबुटी) र नदीजन्य स्रोतहरू रहेका छन्। साथै जिल्लामा चुनढुङ्गा खानीको सम्भावना समेत रहेको छ।
- **पर्यटनः** ऐतिहासिक अर्घा दरबार, खाँची दरबार, प्रसिद्ध सुपा देउराली मन्दिर, पाणिनि तपोभूमि, नर्तनाचल पर्वत (नरपानी), रक गार्डेन, मालरानी मन्दिर, भुमे मन्दिर, मृगस्थली

झरना, नरसिंहस्थान मन्दिर, दुर्वाशेश्वर गुफा, वाणगंगा धाम, पतञ्जली धाम, शेङ्लेङ्ग दह, डमरु दह, सिद्धेश्वर मन्दिर, रावण शंख, गंगा सरोवर ताल, आकाशदिप मन्दिर, बैकुण्ठपुरी संग्रहालय जस्ता धेरै धार्मिक तथा पर्यटकीय स्थलहरूले जिल्लाको आन्तरिक आय र आर्थिक विकासमा ठुलो टेवा पुऱ्याएका छन्।

## १.३ अध्ययनको आवश्यकताः

नेपालको संविधानको समानुपातिक-समावेशी सिद्धान्त र आवधिक योजनाले परिकल्पना गरेको **'सुशासन, सामाजिक न्याय र समृद्धि'** को लक्ष्य हासिल गर्दै क्षेत्रीय र बर्गिय असमानता हटाउन सन्तुलित विकासको अध्ययन अपरिहार्य छ। अर्घाखाँची जिल्लाका ६ वटा पालिकाहरू (सन्धिखर्क, शीतगंगा, भूमिकास्थान, मालारानी, पाणिनी र छत्रदेव) को भिन्न भू-बनोट, स्रोतको उपलब्धता र विकासको स्तरका कारण पैदा हुने खाडललाई कम गर्न यो अध्ययनले मार्गनिर्देश गर्दछ। यसले शीतगंगा नगरपालिका जस्तो विशाल र दुर्गम भूगोलमा पूर्वाधार पुऱ्याउन, सन्धिखर्क जस्तो बजार क्षेत्र र अन्य ग्रामीण पालिकाहरू बीचको अन्तरसम्बन्ध बलियो बनाउन, तथा कृषि, पर्यटन र उद्योगको पालिकागत सम्भावनाका आधारमा बजेट र स्रोत-साधनको समतामूलक वितरण गर्न ठोस मद्दत पुऱ्याउँछ । जसले गर्दा विकासको प्रतिफल सङ्घीयताको मर्म अनुरूप सबै नागरिकमा समान रूपमा पुग्न सक्छ। यिनै विषयलाई समेटेर यस अध्ययनका मुख्य आवश्यकताहरूलाई बुँदागत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छः

- **क्षेत्रगत असन्तुलनको अन्त्य गर्नः** विगतका वर्षहरूमा बजेटको ठुलो हिस्सा सडक पूर्वाधार जस्ता भौतिक निर्माणमा मात्र केन्द्रित हुँदा सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रहरू ओझेलमा परेकाले विकासका सबै आयामबीच सन्तुलन कायम गर्न।
- **दिगो विकास लक्ष्य (SDG) को स्थानीयकरण गर्नः** संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यलाई पालिकाको नीति र बजेटमा व्यावहारिक रूपमा आबद्ध गर्दै **SuTRA** प्रणालीमा योजनागत कोडिङ गर्ने क्षमता र अभ्यासमा सुधार ल्याउन।
- **न्यायोचित बजेट विनियोजनको आधार तय गर्नः** पहुँच र राजनीतिक प्रभावका आधारमा योजना छनोट गर्ने परिपाटीलाई निरुत्साहित गरी भौगोलिक विकटता, जनसंख्या र मानव विकास सूचकाङ्कका आधारमा वडा र टोल स्तरसम्म न्यायोचित बजेट बाँडफाँडको ढाँचा तयार पार्न।

- **बसाइँसराइ र जनसंख्या व्यवस्थापन गर्न:** जिल्लाका ग्रामीण क्षेत्रबाट भइरहेको तीव्र बसाइँसराइको कारण र प्रभावलाई न्यूनीकरण गर्दै ग्रामीण अर्थतन्त्र र उत्पादनशील क्षेत्र (कृषि, पशुपालन, पर्यटन) मा लगानी आकर्षित गर्ने उपायहरू पहिल्याउन।
- **विपद् जोखिम र वातावरण संरक्षणमा ध्यान दिन:** जिल्लाको भौगर्भिक संवेदनशीलता र जलवायु परिवर्तनका कारण निम्तने बाढी, पहिरो तथा वन डढेलो जस्ता विपद्हरूलाई रोक्न र विकास निर्माण (विशेष गरी ग्रामीण सडक) लाई वातावरणमैत्री एवं इन्जिनियरिङ मापदण्ड अनुसारको बनाउन दबाब सिर्जना गर्न।
- **वित्तीय अनुशासन र सुशासन कायम गर्न:** पालिकाहरूको आन्तरिक आयको अवस्था कमजोर रहेको वर्तमान अवस्थामा उपलब्ध सीमित स्रोत-साधनको मितव्ययी प्रयोग सुनिश्चित गर्न र SuTRA प्रणाली मार्फत वित्तीय पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न।
- **तथ्याङ्कमा आधारित योजना तर्जुमाका लागि:** पालिकाहरूसँग वास्तविक र अद्यावधिक तथ्याङ्कको अभावमा हचुवाको भरमा योजना बन्ने गरेको हुँदा, वस्तुनिष्ठ तथ्य र प्रमाणका आधारमा आगामी वर्षको नीति तथा कार्यक्रम तय गर्न मार्गनिर्देश गर्न।

## १.४ अध्ययनको उदेश्यः

यस सन्तुलित विकास अध्ययनको मुख्य उद्देश्य अर्घाखाँची जिल्लाका ६ वटै स्थानीय तहको समग्र विकासको अवस्थालाई वस्तुपरक ढङ्गले विश्लेषण गरी समन्यायिक र दिगो विकासका लागि स्पष्ट मार्गचित्र तयार पार्नु हो। यसका विशिष्ट उद्देश्यहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छः

- **विकासका पाँच आयामहरूको वर्तमान स्थिति पहिचान गर्ने:** अर्घाखाँची जिल्लाका पालिकाहरूमा आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, र सुशासनको क्षेत्रमा भएका कार्यहरू र तिनको विद्यमान अवस्थाको विस्तृत लेखाजोखा गर्ने।
- **बजेट विनियोजनको असन्तुलन र क्षेत्रगत खाडल (Gaps) पहिल्याउने:** विगतका वर्षहरूमा पालिकाहरूले विनियोजन गरेको बजेट र खर्चको ट्रेन्ड विश्लेषण गरी भौतिक पूर्वाधार र मानव विकास (शिक्षा, स्वास्थ्य, सीप विकास) बीच रहेको असमानता पहिचान गर्ने।
- **दिगो विकास लक्ष्य (SDG) स्थानीयकरणको अवस्था मूल्याङ्कन गर्ने:** स्थानीय तहका आवधिक तथा वार्षिक योजनाहरूलाई दिगो विकास लक्ष्यसँग गरिएको आबद्धता र SuTRA प्रणालीमा यसको व्यावहारिक कोडिङ तथा म्यापिङमा देखिएका प्राविधिक एवं संस्थागत चुनौतीहरूको अध्ययन गर्ने।

- **न्यायोचित विकासको अवस्था हेर्नेः** पहुँच वा प्रभावका आधारमा नभई वास्तविक आवश्यकता, भूगोल र जनसंख्याका आधारमा तल्लो तहसम्म बजेट र प्रतिफलको न्यायोचित वितरण भए/नभएको विश्लेषण गर्ने।
- **सुशासन, वित्तीय अनुशासन र संस्थागत क्षमताको परीक्षण गर्नेः** पालिकाहरूको आन्तरिक आय वृद्धिका प्रयास, वित्तीय पारदर्शिता, र SuTRA प्रणालीको उपयोगिता लगायत संस्थागत सुदृढीकरणको अवस्था र चुनौतीहरू पहिल्याउने।
- **सन्तुलित विकासका लागि नीतिगत र कार्यक्रमगत सुझावहरू सिफारिस गर्नेः** अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा अर्घाखाँची जिल्लाका स्थानीय तहहरूलाई आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटलाई थप समावेशी, सन्तुलित र वातावरणमैत्री बनाउनका लागि ठोस र कार्यान्वयनयोग्य सुझावहरू प्रदान गर्ने।

## १.५ अध्ययन सम्बन्धी कानूनी व्यवस्थाः

नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धि व्यवस्था भएको देखिन्छ । जसको उपधारा ७ मा जिल्ला सभाको काम, कर्तब्य र अधिकार भित्र विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने भनि उल्लेख भएको देखिन्छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ को उपदफा (१) (ज) तथा लुम्विनी प्रदेश सरकारको जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ को दफा ३ (१)(ज) मा जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कार्यम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसारको सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई सुझाव दिने उल्लेख भएको देखिन्छ ।

## १.६ अध्ययनको सीमाः

स्थानीय तहमा सन्तुलित विकासको अध्ययन गर्दा सीमित समय, स्रोत र प्राविधिक कारणहरूले गर्दा केही सीमाहरू रहेका छन्, जसलाई निम्न बुँदाहरूमा स्पष्ट पारिएको छः

- पद्धतिगत र **वैज्ञानिक विज्ञताको सीमाः** बाह्य विषयविज्ञ (Expert) को अभावमा उपलब्ध आन्तरिक जनशक्तिबाटै प्रतिवेदन तयार पारिएको तथा न्युन तथा सीमित समय र स्रोतका कारण 'पूर्ण गणना' (Census) को सट्टा 'नमूना छनोट' (Sampling) मा आधारित हुनु परेको।

- तथ्याङ्कीय **र मापनको सीमाः** संकलित तथ्याङ्कहरू परिमाणात्मक (Quantitative) भन्दा बढी सुशासन र सामाजिक रूपान्तरण जस्ता गुणात्मक (Qualitative) प्रकृतिका रहेकाले, यिनलाई गणितीय वा साङ्ख्यकीय रूपमा दुरुस्त मापन गर्न नसकी सरोकारवालाको धारणामा निर्भर हुनु परेको।
- क्षेत्रगत **र दायराको सीमाः** जिल्लास्थित अन्य सङ्घीय वा प्रादेशिक निकायहरूका कार्यक्रमलाई नसमेट्नुका साथै विकासका सबै क्षेत्र-उपक्षेत्रको पूर्ण अनुगमन गर्न नसकी केवल स्थानीय तहबाट प्राप्त सीमित विवरण र केही प्रतिनिधिमूलक योजनाहरूको मात्र अवलोकन गरिएको।

# अध्याय २ सन्तुलित विकास अध्ययन विधि (Methodology)

## २.१ सूचना/तथ्याङ्कको स्रोतः

अर्घाखाँची जिल्लाका ६ वटै स्थानीय तहको सन्तुलित विकासको अवस्था वस्तुपरक, वैज्ञानिक र तथ्यपरक ढङ्गले केलाउनका लागि मिश्रित अध्ययन विधि (**Mixed Methodology**) अवलम्बन गरिएको छ। यस अन्तर्गत परिमाणात्मक (Quantitative) र गुणात्मक (Qualitative) दुवै प्रकारका तथ्याङ्क एवं सञ्चार विधिहरूको प्रयोग गरिएको छ।

अध्ययनलाई पूर्णता दिन प्रयोग गरिएका विधि र प्रक्रियाहरू निम्न बमोजिम छन्ः

- **सूचना तथा तथ्याङ्कका स्रोतहरू (Sources of Data)**

अध्ययनका लागि आवश्यक सामग्रीहरू दुईवटा स्रोतबाट संकलन गरिएको छः

**क) प्राथमिक स्रोत (Primary Sources):** जिल्लाका ३ नगरपालिका र ३ गाउँपालिकाका जनप्रतिनिधिहरू (प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडा अध्यक्षहरू)।स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, योजना प्रमुख, आर्थिक प्रशासन प्रमुख र विषयगत शाखाका कर्मचारीहरू।

**ख) द्वितीयक स्रोत (Secondary Sources):**

- स्थानीय तहको सञ्चित कोष व्यवस्थापन प्रणाली (**SuTRA**) मा प्रविष्ट गरिएको वार्षिक बजेट र वास्तविक खर्चको विवरण।
- राष्ट्रिय जनगणना २०७८ को अर्घाखाँची जिल्लाको जनसाङ्ख्यिक प्रतिवेदन।
- पालिकाहरु तथा जिल्लाको पार्श्वचित्र, आवधिक विकास योजना र वार्षिक नीति तथा कार्यक्रम।

## २.२ तथ्याङ्क संकलनका उपकरण तथा विधिहरू

- **चेकलिस्ट र परिमाणात्मक सूचकहरू (Checklist & Indicators):** सन्तुलित विकासका पाँचवटै क्षेत्र (आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण, र सुशासन) को अवस्था मापन गर्न निश्चित सूचकहरू सहितको " प्रश्नावली सहितको चेकलिस्ट" तयार गरी पालिकाहरूबाट वित्तीय तथा भौतिक प्रगतिको विवरण संकलन गरियो।

- **सरोकारवालासँगको छलफल (Key Informant Interview - KII):** ६ वटै स्थानीय तहका नेतृत्व र प्राविधिक कर्मचारीहरूसँग योजना तर्जुमा प्रक्रिया, बजेट विनियोजनका चुनौती तथा व्यावहारिक समस्याहरूका बारेमा केन्द्रित रही छलफल गरियो।

- **स्थलगत अवलोकनः** सन्तुलित विकासका क्षेत्रहरुमा भएका विकास कार्यहरुको स्थलगत अवलोकन तथा अनुगमन गरियो।

## २.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

- **वित्तीय विश्लेषणः SuTRA** प्रणालीबाट प्राप्त तथ्याङ्कलाई माइक्रोसफ्ट एक्सेल (MS-Excel) को प्रयोग गरी क्षेत्रगत बजेट विनियोजनको हिस्सा (जस्तैः पूर्वाधारमा कति %, सामाजिकमा कति %) पत्ता लगाउन **Pie Chart** र **Bar Diagram** मा रूपान्तरण गरियो।

- **नीतिगत विश्लेषणः** पालिकाहरूको निर्णय प्रक्रिया, सुशासनको अवस्था र वातावरणीय संवेदनशीलतालाई प्रतिवेदनको परिच्छेद ३ मा गुणात्मक रूपमा विश्लेषण (Qualitative Analysis) गरी निष्कर्ष निकालिएको छ।


# अध्याय ३ अध्ययनको विश्लेषण(Analysis of Data)

## ३.१ समग्र क्षेत्रगत विश्लेषणः

यस अर्घाखाँची जिल्लाका ६ वटै पालिकाहरुबाट क्षेत्रगत रुपमा लिईएका विगत पाँच बर्षको क्षेत्रगत बजेट विनियोजनको औसत गणना गरि सो औसत र जिल्लागत रुपमा क्षेत्रगत औसतलाई तलको तालिकामा देखाईएको छः

| क्षेत्र (Sectors) | जिल्ला औसत | मालारानी गाउँपालिका | शितगंगा नगरपालिका | सन्धिखर्क नगरपालिका | भूमिकास्थान नगरपालिका | छत्रदेव गाउँपालिका | पाणिनी गाउँपालिका |
|---|---|---|---|---|---|---|---|
| सामाजिक विकास | ५३.२०% | ६१.२७% | ४६.७०% | ४४.५१% | ५२.५०% | ५५.००% | ६०.९९% |
| पूर्वाधार विकास | २४.३०% | १६.५३% | ३२.५०% | ३०.९५% | २८.००% | २१.००% | १६.४३% |
| सुशासन तथा संस्थागत | १३.६०% | १६.८२% | १५.४०% | १५.५०% | १५.३३% | १५.०६% | १६.४५% |
| आर्थिक विकास | ५.३०% | ३.८५% | ३.१०% | ५.५०% | ६.५०% | ५.४४% | ४.५३% |
| वन, वातावरण तथा विपद् | ३.६०% | १.५३% | २.३०% | ३.५४% | ४.१७% | ३.५०% | १.६०% |
| कुल जम्मा (Total) | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% | १००.००% |

सो तालिकालाई बारग्राफको रुपमा यसरी देखाउन सकिन्छ ।




माथिको तालिका हेर्दा, अर्घाखाँची जिल्लामा अर्घाखाँची जिल्लाका पालिकाहरूको सबैभन्दा ठूलो हिस्सा शिक्षा, स्वास्थ्य, खानेपानी र लक्षित वर्ग जस्ता विषय समेटिएको सामाजिक क्षेत्र (औसत ५३.२० प्रतिशत) मा केन्द्रित देखिन्छ भने सबैभन्दा कम वन वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्र (३.६० प्रतिशत मात्र)मा विनियोजित देखिन्छ । क्षेत्रगत रुपमा बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ ।

## क. सामाजिक विकासको क्षेत्रः

सामाजिक विकासको क्षेत्रमा उच्च लगानी गर्ने पालिकाहरू मालारानी गाउँपालिका (६१.२७%) र पाणिनी गाउँपालिका (६०.९९%) जिल्लाको औसत रेखाभन्दा निकै माथि रहेर सामाजिक विकासमा अग्रणी देखिएका छन्। छत्रदेव (५५.००%) पनि जिल्ला औसतभन्दा माथि नै छ।त्यस्तै न्यून लगानी गर्ने पालिकाहरूः भौगोलिक रूपमा ठूलो र सदरमुकाम रहेका सन्धिखर्क नगरपालिका (४४.५१%) र शितगंगा नगरपालिका (४६.७०%) को लगानी यस क्षेत्रमा जिल्ला औसतभन्दा कम छ।

### अ. शिक्षाः

- अर्घाखाँचीमा कुल विद्यार्थीहरुको संख्या ३९ हजार ४ सय ६२ पुगेको छ । यहाँ विद्यालय संख्या ४ सय १४ रहेका छन् । जसअन्तर्गत कक्षा १ देखि ५ सम्मका आधारभूत विद्यालय २ सय ६९, कक्षा ६ देखि ८ सम्मका आधारभूत विद्यालय संख्या ५६, माध्यमिक विद्यालय (९-१०) संख्या ५७ र माध्यमिक विद्यालय (११-१२) संख्या ३२ रहेको छ । त्यस्तै गरि बाल विकास केन्द्र रहेको विद्यालय संख्या ४०३ छ ।



- सामुदायिक विद्यालय ३ सय ७४, धार्मिक विद्यालय ८ तथा संस्थागत विद्यालय ३२ रहेको ।
- १० जना वा सो भन्दा कम विद्यार्थी रहेको विद्यालयको संख्या १९ रहेको देखिन्छ । सामुदायिक विद्यालयतर्फ सबैभन्दा धेरै विद्यार्थी जनज्योति मा.वि. मा अध्ययनरत रहेका छन्। उक्त विद्यालयमा १ हजार २ सय ६२ विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयतर्फ सन्धिखर्क ग्रीन इङ्लिस बोर्डिङमा सबैभन्दा धेरै १ हजार २ सय ७० विद्यार्थी अध्ययनरत रहेका देखिन्छ ।
- शिक्षक विद्यार्थी अनुपात १:१४ रहेको देखिन्छ ।
- सबै विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गरिएको छ भने छात्राहरुका लागि स्यानीटरी प्याड वितरण गरिएको देखिन्छ ।
- <u>शिक्षाको गुणस्तर र प्राविधिक शिक्षा सम्बन्धी कार्यक्रमहरू</u>

  - **छत्रदेव गाउँपालिका:** एग्रोफरेष्ट्री बहुप्राविधिक शिक्षालयमा अध्ययन गर्ने बाली विज्ञान र पशु विज्ञानतर्फका पालिकाभित्रका १४ जना विद्यार्थीलाई शतप्रतिशत छात्रवृत्ति प्रदान गर्न बजेट व्यवस्था गरेको छ।
  - **मालारानी गाउँपालिका:** पालिकाकै आफ्नै स्रोतमा प्राविधिक धारको विद्यालय संचालन गर्नुका साथै ३ वटा विद्यालयमा प्राविधिक धार संचालन र छात्रवृत्तिको व्यवस्था गरेको छ। साथै, 'गाउँ शिक्षा योजना' निर्माण गरी कार्यान्वयनको चरणमा पुऱ्याएको छ।
  - **सन्धिखर्क नगरपालिका:** प्राविधिक शिक्षा पढ्ने विद्यार्थीहरूका लागि आवास र छात्रवृत्तिको व्यवस्था मिलाएको छ।
  - **पाणिनी गाउँपालिका:** शैक्षिक गुणस्तर वृद्धिका लागि विशेष अनुदान परिचालन, विद्यार्थी भर्ना अभियान, छात्रवृत्ति, र शिक्षक अभाव परिपूर्तिको लागि 'शिक्षक बैंक' तथा 'प्रश्नपत्र बैंक' को नवप्रवर्तनात्मक व्यवस्था गरेको छ।
  - **शितगंगा नगरपालिका:** कक्षा ११ र १२ को शिक्षालाई पूर्ण रूपमा निःशुल्क बनाएको छ र SEE सुधारका लागि विभिन्न विशेष कार्यक्रमहरू संचालन गरिरहेको छ।
  - **भूमिकास्थान नगरपालिका:** शिक्षाको पहुँच र गुणस्तर बढाउन विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रममा मात्र सीमित देखिन्छ।

## आ. स्वास्थ्य

- सबै पालिकाहरूको विवरण हेर्दा जिल्लाका **अधिकांश वडाहरूमा आधारभूत स्वास्थ्य संस्थाहरू स्थापना भइसकेका छन्** ।
- **पूर्णखोप सुनिश्चितता तथा दिगोपना** जिल्ला घोषणाले यसको अवस्था **निकै सुदृढ र प्रशंसनीय** रहेको देखाउछ ।
- समग्र अर्घाखाँची जिल्लामा बालबालिकाको कुपोषण दर **नियन्त्रण भित्रै (न्यून)** रहेको देखिन्छ।
- संस्थागत सुत्केरी दरलाई आधार मान्दा अर्घाखाँची जिल्लाको **औसत संस्थागत सुत्केरी दर ८५.१९%** देखिन्छ।
- केही उदाहरणीय स्वास्थ्य योजनाहरुः
    - **निःशुल्क एम्बुलेन्स सेवाः छत्रदेव गाउँपालिका, पाणिनी गाउँपालिका, र मालारानी गाउँपालिकाले** गर्भवती महिला तथा विपन्न नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरेका छन्।
    - **शिशु पोषण भत्ताः छत्रदेव गाउँपालिकाले** "छत्रदेवका शिशु, पोषिला र प्रवल" कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा जन्मिने प्रति शिशुलाई रु. ५,००० पोषण भत्ता प्रदान गर्दछ। जसले बच्चाको पोषणका आवश्यकता पुरा गर्ने विश्वास लिएको छ ।
    - **विशेषज्ञ र प्रयोगशाला सेवाः** विशेषज्ञ तथा प्रयोगशाला सहितको स्वास्थ्य सेवा शिविर संचालन गरिएको छ ।
    - **सन्धिखर्क नगरपालिकाले** विशेषज्ञ स्वास्थ्य शिविर र आँखा उपचार सेवा संचालन गरिरहेको छ।
    - **पाणिनी गाउँपालिकाले** विद्यालयहरूमा स्वास्थ्य परीक्षण र दुईवटा स्वास्थ्य संस्थाबाट प्रयोगशाला (Lab) सहितको सेवा प्रदान गरेको छ।
    - **घरदैलो स्वास्थ्य सेवाः मालारानी गाउँपालिकाले** ८० वर्ष माथिका ज्येष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति र असहायहरूका लागि घरदैलोमै पुगेर निःशुल्क स्वास्थ्य परीक्षण र औषधी वितरण गर्ने व्यवस्था मिलाएको छ।
    - **निःशुल्क औषधी र प्रसूति प्रोत्साहनः शितगंगा नगरपालिकाले** सरकारले तोकेका बाहेक थप २० प्रकारका औषधी निःशुल्क उपलब्ध गराउनुका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलालाई प्रोत्साहन भत्ता दिँदै आएको छ।

- ➢ सबै पालिकाले विशेषज्ञ डाक्टरको उपस्थितिमा अपाङ्ग परिचय पत्र वितरण गर्दै आएको छ ।

इ. कानून निर्माण र न्याय सम्पादनः

- जिल्लाका ६ वटै पालिकामा चालु आर्थिक वर्षमा न्यायिक समितिमा दर्ता भएका कुल उजुरी र फछ्र्यौटको एकीकृत तथ्याङ्क निम्नानुसार छः
  - कुल दर्ता भएका उजुरी (मुद्दा) संख्याः १०९ वटा
  - कुल फछ्र्यौट (किनारा) लागेका मुद्दा संख्याः ८० वटा
  - **औसत फछ्र्यौट दरः** करिब **७३.४%**
- स्थानीय स्तरका सानातिना विवादहरूलाई मेलमिलापकर्ताहरू मार्फत समाधान गर्न **जिल्लाका ६ वटै पालिकाका सबै वडाहरूमा मेलमिलापकर्ताहरु रहेपनि व्यवस्थित मेलमिलाप केन्द्रहरू सबै वडामा स्थापना हुन सकेका छैनन्।**
- न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्दाहरूको व्यवस्थित, मर्यादित र कानुनी प्रक्रिया अनुसार सुनुवाइ गर्नका लागि **सबै ६ वटै पालिकाहरूमा छुट्टै "न्यायिक इजलास" को व्यवस्था गरिएको छ।**
- प्रत्येक पालिकामा औसतमा २१ वटा ऐन, ५ वटा नियम र करिब ३६ वटा कार्यविधि, निर्देशिका तथा मापदण्डहरु निर्माण भएका छन् ।

ई. खानेपानी र सरसफाईः

- अर्घाखाँचीमा करिब ९० प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ ।
- सार्वजनिक स्थानमा रहेको अधिकांश सार्वजनिक भवन, विद्यालयहरु अपाङ्गता तथा लैंगिक मैत्री रहेका छन ।

उ. लैङ्गिक समानता र समावेशीकरणः

- सबै पालिका लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) प्रतिवेदन तयार भएको छैन ।
- वार्षिक बजेट तथा कार्यक्रममा लैङगिक उत्तरदायी बजेट कोडिङ्ग (GRD Coding) केही पालिकामा गरेतापनि अन्य पालिकाहरुमा यसको सुरुवात गर्नुपर्ने देखिएको ।

- स्थानीय बाल अधिकार समिति निर्माण गर्न केही पालिकाहरुले कार्यविधि निर्माण गरेर समिति गठन गरेपनि समितिको बैठक नियमित बस्न सकेको छैन।
- बालबालिकालाई मनोरञ्जनको माध्यमबाट चौतर्फी विकासलागि **बाल उद्यान** निर्माण गर्नुपर्नेमा, सन्धिखर्क नगरपालिकाले केही कदम चालेपनि अन्य पालिकाहरुले पनि बाल उद्यान निर्माणलाई प्राथमिकता दिनुपर्ने ।

ऊ. युवा, खेलकुद तथा संस्कृति संरक्षण

- युवाहरुको स्वरोजगारका लागि सीपमुलक तालिम र उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन भै रहेको देखिन्छ ।
- पालिका स्तरमा पालिकास्तरिय खेलकुद मैदान भएतापनि सबै सुविधा नरहेको र सुविधायुक्त खेलकुद मैदान निर्माणका लागि पहल गरिएको देखिन्छ ।
- कला, ऐतिहासिक स्थल,संस्कृति, भाषा संरक्षण, जिर्णोद्धार र सौन्दर्यीकरणका बजेट विनियोजन भएको देखिन्छ ।

**ख. आर्थिक विकासको क्षेत्रः**

अ. कृषि तथा पशुपन्छी विकासको अवस्थाः

अर्घाखाँचीका पालिकाहरूको आर्थिक विकासको मुख्य आधार कृषि र पशुपालन नै देखिन्छ। यस क्षेत्रमा परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने प्रयास भइरहेका छन्:

- उत्पादन र उत्पादकत्व वृद्धिः पालिकाहरूले धान, मकै, गहुँ जस्ता खाद्यान्न बालीका साथै सुन्तला, कागती र तरकारी खेतीको पकेट क्षेत्र विकासमा जोड दिएका छन्।
- कृषि अनुदान र प्रविधिः उन्नत बीउ-बिजन, रासायनिक तथा प्राङ्गारिक मल, र आधुनिक कृषि औजार (हाते ट्र्याक्टर, थ्रेसर आदि) मा ५०% सम्म अनुदान दिने व्यवस्था पालिकाहरूले गरेका छन्।
- पशुपालन र अनुदानः व्यावसायिक बाख्रापालन, भैंसीपालन र कुखुरापालन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न अनुदान र गोठ/खोर सुधार कार्यक्रम संचालनमा छन्। छत्रदेव गाउँपालिकाले एग्रोफरेष्ट्री बहुप्राविधिक शिक्षालयमा बाली विज्ञान र पशु

विज्ञानतर्फका १४ जना विद्यार्थीलाई शतप्रतिशत छात्रवृत्ति प्रदान गरी कृषिमा प्राविधिक जनशक्ति उत्पादन गर्ने नीति लिएको छ।

- बीमा र खोप कार्यक्रमः पशुपन्छीमा लाग्ने महामारी नियन्त्रणका लागि खोप सेवा र पशु बीमा कार्यक्रममा पालिकाहरूले सहजीकरण गर्दै आएका छन्।

आ. उद्योग तथा पर्यटन प्रवर्द्धनको अवस्थाः

- **साना तथा घरेलु उद्योगः** स्थानीय कच्चा पदार्थमा आधारित घरेलु, साना तथा मझौला उद्योग (जस्तैः ब्युटीपार्लर, होटल तथा रेष्टुरेन्ट, सिलाई-कटाई, काष्ठ उद्योग, र कृषिजन्य प्रशोधन उद्योग) दर्ता र संचालन भइरहेका छन्। धेरैजसो साना तथा घरेलु उद्योग विविध कारणले बन्द समेत भएको अवस्था देखिन्छ ।
- **धार्मिक तथा ऐतिहासिक पर्यटनः**
    - **सन्धिखर्क नगरपालिकाः** सदरमुकाम र मुख्य बजार क्षेत्र भएकाले पर्यटकीय पूर्वाधार, होटल व्यवसाय, र स्थानीय धार्मिक स्थलहरूको संरक्षणमा अग्रसर देखिन्छ।
    - **पाणिनी गाउँपालिकाः** ऐतिहासिक पाणिनी तपोभूमि क्षेत्रको गुरुयोजना अनुसार पर्यटकीय पूर्वाधार निर्माण र प्रचार-प्रसारलाई प्राथमिकतामा राखेको छ।
    - **मालारानी र छत्रदेव गाउँपालिकाः** मालारानी मन्दिर र छत्रमहाराज मन्दिर क्षेत्र जस्ता धार्मिक पर्यटकीय गन्तव्यहरूको भौतिक पूर्वाधार विकास र प्रवर्द्धनमा बजेट परिचालन गरेका छन्।
    - **पर्या-पर्यटन (Eco-Tourism): शितगंगा र भूमिकास्थान नगरपालिका** जस्तो भौगोलिक रूपमा ठूलो र वन क्षेत्र बढी भएको पालिकाले पर्या-पर्यटन र वनजन्य पैदावारमा आधारित उद्यमलाई जोड दिएको छ।

इ. सहकारी र वित्तीय क्षेत्र व्यवस्थापनः

- **सहकारीको नियमन र परिचालनः** बचत तथा ऋण, कृषि, र दुग्ध सहकारी संस्थाहरू पालिका स्तरमा दर्ता भई क्रियाशील छन्। पालिकाहरूले सहकारी ऐन र कार्यविधिहरू मार्फत यिनीहरूको अनुगमन र सबलीकरण गर्ने कार्य न्युन भएको देखिन्छ । पालिकासंग सहकारीहरुको विवरण अद्यावधिक समेत भएको देखिदैन । सहकारीहरुले आफ्नो वित्तीय विवरण अनिवार्य रुपमा पालिकामा पठाउनुपर्नेमा सो भएको देखिदैन ।

- पालिकाहरुले सहकारीहरुलाई व्यवस्थापन तालिम भने दिएको देखिन्छ ।
- प्राय सबै व्यक्तिको बैंकमा खाता रहेको देखिन्छ ।
- **वित्तीय पहुँचः कनेक्टआईपीएस (connectIPS) र ईसेवा (eSewa)** जस्ता डिजिटल वालेट तथा बैंकिङ प्रणालीको प्रयोग स्थानीय आर्थिक कारोबार र ब्रोकर भुक्तानीहरूमा समेत बढ्दै गएको देखिन्छ।

<u>ई. रोजगारी सिर्जना र नवप्रवर्तन (Innovation) को समग्र अवस्था</u>

- **प्रधानमन्त्री रोजगार कार्यक्रमः** सबै ६ वटै पालिकाहरूले बेरोजगार सूचीमा सूचीकृत युवाहरूलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गर्न यो कार्यक्रम मार्फत स्थानीय पूर्वाधार निर्माण (सडक मर्मत, गोरेटो बाटो, सिँचाइ कुलो) मा परिचालन गरेका छन्।
- **सीपमूलक उद्यमशीलताः** युवा तथा महिलाहरूका लागि ड्राइभिङ, कम्प्युटर, प्लम्बिङ, टायलिङ्ग, होजियारी, चप्पल बनाउने, झोला र टोपी बनाउने लगायत मोबाइल मर्मत जस्ता बजारमुखी तालिमहरू प्रदान गरी स्वरोजगारी सिर्जना गर्ने प्रयास जारी छ।

## ग. पूर्वाधार विकास क्षेत्रः

यस क्षेत्रमा कुल बजेटको औसतः २४.३०% बजेट विनियोजन हुने गरेको छ ।

<u>अ. सडक, पुल र यातायात व्यवस्थापनः</u>

- अधिकांश पालिकाहरुले नगर/गाउँ गुरुयोजना (MTMP) बनाएको छ । त्यस्तै मर्मत संभार कोष र कार्यविधि पनि निर्माण गरिएको अवस्था छ ।अर्घाखाँचीका सबै ६१ वटै वडाहरु सडक सञ्जालसंग जोडिएको छ । जिल्लाको सडक पूर्वाधारलाई हेर्दा कच्ची सडकको बाहुल्यता प्रष्ट देखिन्छ। ५ वटा स्थानीय तहमा कुल १५७४.६१ कि.मि. सडक रहेकोमा करिब ८६ प्रतिशत (१३६०.६१ कि.मि.) सडक कच्ची अवस्थामा छ ।
- **कालोपत्रे सडकमा** भूमिकास्थान नगरपालिकामा सबैभन्दा बढी (४५ कि.मि.) कालोपत्रे सडक रहेको छ भने सन्धिखर्क नगरपालिकामा सबैभन्दा कम (करिब २० कि.मि.) पक्की सडक रहेको देखिन्छ।
- पुलको अवस्था हेर्दा शितगंगा बाहेकका पालिकाहरुमा २५ पक्की पुल, ४२ झलुङ्गे पुल, ७ वटा अन्य पुल रहेका छन् ।

### आ. भवन, बस्ती र सहरी विकासः

- भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता (National Building Code) आंशिक रुपमा पालना गर्ने गरेको र कुनै कुनै पालिकामा भवन सम्बन्धी नक्सा पासको काम थालनी भएको छैन ।
- सार्वजनिक भवनहरु निर्माण गर्दा अपाङ्गता मैत्री बनाउने गरिएको छ ।

### इ. सिँचाई र उर्जाः

- अधिकांश खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई पुऱ्याउन सकिएको छैन । साना तथा लिफ्ट सिँचाईको माध्यमबाट निरन्तर सिँचाई पुर्ति हुन सकेको अवस्था छैन ।
- अर्घाखाँची जिल्लामा कुल खेतीयोग्य जमिन २६३०१ हेक्टर रहेकोमा ११.८६ प्रतिशत (३११८ हेक्टर) मा मात्र बाह्रै महिना सिँचाई पुगेको ।
- करिब ९९.५ प्रतिशत घरधुरी राष्ट्रिय प्रसारण लाईन वा वैकल्पिक उर्जाको पहुँचमा रहेको छन् ।

## घ. वन, वातावरण र विपद् व्यवस्थापनः

विकासको यस क्षेत्रमा पछिल्लो पाँच बर्षमा औषत गणना गर्दा सबैभन्दा कम बजेट (करिब १.६० प्रतिशत) विनियोजन हुने गरेको देखिन्छ ।

### अ. वन, वातावरण संरक्षण र जलाधार व्यवस्थापन

- केही पालिकामा भुउपयोग योजना निर्माणको चरणमा छ भने केही पालिकामा यसको सुरुवात पनि भएको छैन ।
- सबै स्थानीय तहले स्थानीय अनुकुलन कार्ययोजना निर्माण गरेको छैन ।
- सन्धिखर्क र मालारानीले ल्याण्डफिल्ट साईट निर्माण गरेको छ भने अन्य पालिकाले यस्तो केन्द्र निर्माण गरेको छैन ।
- मुहान संरक्षण तथा जलाधार क्षेत्र व्यवस्थापनका लागि तटबन्ध निर्माण, इन्टेक निर्माण तथा पँधेरा मर्मत तथा सुधारका कार्यक्रमहरु गरिएको छ ।

### आ. विपद् व्यवस्थापन

- अधिकांश पालिकाहरुले **विपद् जोखिम न्यूनीकरणका** लागि जोखिमयुक्त स्थानहरुबाट बस्ती स्थानान्तरण, फायरलाईन निर्माण, तटबन्ध, वृक्षारोषण भुकम्प प्रतिरोधी घर निर्माणका साथै **विपद् पूर्व तयारी र प्रतिकार्य योजना (EPRP)** निर्माण तथा अद्यावधिक गरेका छन ।
- ६ वटै पालिकामा पर्याप्त बजेट सहितको **विपद् व्यवस्थापन कोष** को व्यवस्था गरिएको छ ।
- विपद् प्रतिकार्यका लागि **सवारी साधनहरूः** पालिकाहरुसँग एम्बुलेन्स र दमकलहरु रहेको छ । **सन्धिखर्कसँग** दमकलका साथै हेभी मेसिनरी (JCB र टिप्पर) तयारी अवस्थामा छ । **भूमिकास्थानसँग** फायर प्रेसर पाइप जडान भएको ट्याक्टर छ । लगभग सबै पालिकाले उद्धार सामग्रीहरू जस्तैः हेलमेट, साबेल, गैती, बेल्चा, डोरी, टर्च लाइट, त्रिपाल, गमबुट र प्राथमिक उपचार किटहरू भण्डारण गरेका छन् ।
- स्थानीय विपद् व्यवस्थापन समितिको बैठक सबै पालिकामा आवश्यकता अनुसार बस्ने गरेको छ । पाणिनी बाहेकका अन्य पालिकाले साझेदारी संस्थासंगको समन्वयमा विपद् प्रतिकार्यको पूर्वाभ्यास संचालन गरेको भने देखिदैन । केही पालिकाहरुले मात्र राष्ट्रिय विपद पोर्टलमा विवरण अद्यावधिक गराएका छन् ।


## ङ. सुशासन तथा संस्थागत विकासः

यस क्षेत्रका लागि अर्घाखाँची जिल्लाका पालिकाहरुले विगत पाँच वर्षमा औसतमा १६.४५ प्रतिशत बजेट विनियोजन गर्ने गरेको देखिएको छ ।

### अ. संस्थागत व्यवस्थापन (प्रशासनिक संरचना र दरबन्दी)

- कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्थालाई हेर्दा,जिल्लाका स्थानीय तहहरूमा दरबन्दी अनुसारको स्थायी कर्मचारीको अभाव देखिन्छ र धेरैजसो कार्यहरू करारका कर्मचारीहरूबाट भइरहेको छ।

| स्थानीय तह | स्वीकृत दरबन्दी | पदपूर्ति संख्या | रिक्त संख्या |
|---|---|---|---|
| छत्रदेव गाउँपालिका | ३५ | १३ | २२ |
| पाणिनी गाउँपालिका | ९० | ५९ | ३१ |
| भूमिकास्थान नगरपालिका | ४९ | २३ | २६ |
| मालारानी गाउँपालिका | ८० | ४५ | ३५ |
| शितगंगा नगरपालिका | १०९ | ५८ | ५१ |
| सन्धिखर्क नगरपालिका | १८५ | १६५ | २० |
| कुल जम्मा | ५४८ | ३६३ | १८५ |




- सन्धिखर्क नगरपालिकामा दरबन्दी अनुसार पदपूर्तिको अवस्था सबैभन्दा राम्रो (करिब ८९%) देखिन्छ भने छत्रदेव र भूमिकास्थानमा ५० प्रतिशतभन्दा बढी दरबन्दी अझै रिक्त रहेका छन्।
- वडा कार्यालयको भौतिक पूर्वाधारः धेरैजसो स्थानीय तहका वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालित छन् । छत्रदेव, भूमिकास्थान र शितगंगा नगरपालिकाका सबै वडाहरु आफ्नै भवनबाट संचालित छन भने सन्धिखर्क नगरपालिकाको १ वटा, मालारानीको १ वटा र पाणिनी गाउँपालिकाको २ वटा वडाको आफ्नै भनव रहेका छैनन

<u>आ. सुशासन र पारदर्शिता</u>

- **नागरिक बडापत्रः** सबै ६ वटै स्थानीय तहमा नागरिक बडापत्र अद्यावधिक गरी सबैले देख्ने स्थानमा राखिएको छ ।
- **गुनासो व्यवस्थापनः** सबै पालिकाहरूमा गुनासो सुन्ने अधिकारी र 'हेल्प डेस्क' को व्यवस्था गरिएको छ ।
- **सार्वजनिक सुनुवाइः** चालु आर्थिक वर्षमा भूमिकास्थानले सबैभन्दा बढी ५ पटक सार्वजनिक सुनुवाइ गरेको छ। छत्रदेव, मालारानी, शितगंगा, र सन्धिखर्कले २/२ पटक र पाणिनीले १ पटक सार्वजनिक सुनुवाइ गरेका छन्।

- **सामाजिक/सार्वजनिक परीक्षणः** सबै पालिकाहरूमा आयोजनाहरूको सामाजिक तथा सार्वजनिक परीक्षण गर्ने परिपाटी अनिवार्य रूपमा रहेको छ।
- **सूचना अधिकारी र त्रैमासिक प्रतिवेदनः** छत्रदेव, पाणिनी, भूमिकास्थान, मालारानी र शितगंगा मा सूचना अधिकारीको व्यवस्था र विवरण वेबसाइटमा राख्ने तथा त्रैमासिक रूपमा स्वतः प्रकाशन गर्ने व्यवस्था पूर्ण छ। तर, **सन्धिखर्क नगरपालिकामा** सूचना अधिकारी तोकिए पनि त्रैमासिक रूपमा प्रतिवेदन स्वतः प्रकाशन र वेबसाइटमा अपलोड गर्ने कार्य हुने गरेको छैन।
- **गुनासो सुनुवाइ र हेल्प डेस्कः** सबै पालिकाहरूमा हेल्प डेस्कको व्यवस्था छ। छत्रदेव, पाणिनी, मालारानी, शितगंगा र सन्धिखर्कमा हेल्प डेस्कमा तत्काल कर्मचारी खटिएका छन् भने **भूमिकास्थान नगरपालिकामा** हेल्प डेस्क भए पनि तत्काल कर्मचारी उपलब्ध रहने गरेको देखिँदैन।

**इ. सङ्गठन तथा मानव संसाधन विकासः**

- कार्य विवरण (**Job Description**): सबै पालिकाहरूले आफ्ना कर्मचारीहरूलाई कार्य विवरण (ToR) तोकेर जिम्मेवारी प्रदान गरेका छन् ।
- इ-हाजिरी (**E-attendance**): सबै ६ वटै स्थानीय तहमा विद्युतीय हाजिरी प्रणाली लागू गरिएको छ र यो केन्द्रीय सर्भरसँग जोडिएको छ ।
- **क्षमता विकास योजना र बजेटः** चालु आर्थिक बर्षमा पाणिनीले वार्षिक योजना बनाई सबैभन्दा बढी रु. १५ लाख बजेट छुट्याएको छ। शितगंगाले रु. १२ लाख तथा मालारानी र सन्धिखर्कले रु. ५/५ लाख विनियोजन गरेका छन्। छत्रदेव र भुमिकास्थानमा वार्षिक योजना भए पनि बजेट खुलाइएको छैन।

**ई. योजना तर्जुमा र आन्तरिक नियन्त्रण र जिन्सीः**

- **समावेशी योजना तर्जुमाः** बस्ती तथा टोल स्तरबाट योजना छनोट गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरूको समावेशी सहभागिता सबै पालिकाले सुनिश्चित गरेका छन्।
- **अनुगमन र समीक्षाः** सञ्चालित योजनाहरूको अनुगमन समितिले नियमित अनुगमन गरी प्रतिवेदन बुझाउने परिपाटी सबैमा छ। सबै पालिकाहरुले कम्तिमा एक पटक समीक्षा गरेको देखिएको छ ।

- **आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System):** छत्रदेव, मालारानी, शितगंगा र सन्धिखर्कमा यो प्रणाली लागू भइसकेको छ। पाणिनीमा २ वर्षको अवधिसहित यो तयार हुने क्रममा छ। तर, **भूमिकास्थान नगरपालिकामा** आन्तरिक नियन्त्रण प्रणाली तयार भई कार्यान्वयनमा आएको देखिँदैन।
- **प्रविधिको प्रयोग र स्रेस्ताः** सबै पालिकाहरूमा **PAMS प्रणाली** प्रयोगमा छ, राजस्व सङ्कलन पूर्ण रूपमा विद्युतीय प्रणाली (e-Revenue) बाट गर्ने गरिएको छ र खर्च भएर नजाने सबै मालसामानहरूको मूल्य निर्धारण गर्ने गरिएको छ।

# अध्याय ४ अध्ययनको सारांश तथा सुझाव (Summary and Conclusion)

अर्घाखाँची जिल्लामा रहेका ६ वटै पालिकाहरुको विगत पाँच वर्षको क्षेत्रगत लगानी तथा चालु आर्थिक वर्षको विस्तृत उपक्षेत्रगत अवस्थालाई अध्ययन तथा विश्लेषण गर्दा देहायका निष्कर्श निकाल्न सकिन्छ ।

## ४.१ साराशं (Summary)

अर्घाखाँची जिल्लाका स्थानीय तहहरूले क्षेत्रगत रूपमा सन्तुलित विकासको लागि प्रयास गरिरहेको देखिन्छ। स्रोतहरूबाट प्राप्त विवरणका आधारमा निकालिएका मुख्य निष्कर्षहरू निम्न छन्:

- स्थानीय तहहरुबाट विगतका पाँच बर्षको क्षेत्रगत बजेट विनियोजनको औसत हेर्दा सामाजिक क्षेत्रको प्राथमिकता: सबैजसो पालिकामा कुल बजेटको ठूलो हिस्सा (करिब ४०% देखि ५५%) सामाजिक विकास क्षेत्रमा विनियोजन गरिएको छ । यसले शिक्षा, स्वास्थ्य र सामाजिक समावेशीकरणमा जिल्लाको उच्च प्राथमिकता रहेको देखाउँछ। त्यसमध्येको पनि ठुलो हिस्सा शिक्षक तथा कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्ता समेतको रकम समावेश हुँदा वास्तविक सामाजिक विकासको क्षेत्रमा बजेट यथार्थमा न्युन नै रहेको ।
- त्यस्तै सबैभन्दा कम बजेट वन, वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा रहेको छ जसमा कुल बजेटको १.५३ प्रतिशत देखि ४.१७ प्रतिशत बजेट विनियोजन भएको देखिन्छ ।
- क्षेत्रगत बजेटको प्राथमिकताक्रम हेर्दा विगत पाँच बर्षदेखि एउटै प्राथमिकता क्रम रहेको देखिन्छ ।
- **शिक्षा विकासमा** शिक्षक विद्यार्थी अनुपात १: १४ को करिब भएतापनि विद्यालयगत रुपमा हेर्ने भने शिक्षक विद्यार्थी अनुपातमा धेरै विचलन भएको देखिन्छ । १० जना भन्दा कम विद्यार्थी भएको विद्यालय संख्या १९ समेत रहेको देखिन्छ । यसले विद्यालय मर्ज, शिक्षक दरबन्दी मिलान तथा आवासिय विद्यालयको आवश्यक रहेको देखाउछ ।
- प्राविधिक शिक्षाका लागि गाउँपालिकाद्वारा छात्रवृत्ति उपलब्ध गराउदा पनि यस जिल्लामा रहेको प्राविधिक शिक्षालयमा भर्ना लिन नचाहनेको संख्या बढिरहेको देखिन्छ ।
- **स्वास्थ्यको क्षेत्रमा** यस जिल्लाको ६१ वटै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा पुगेको देखिन्छ । जिल्लाभर नै पूर्ण खोप तथा दिगोपनाको कार्यय प्रशंसनीय पनि छ ।

बालबालिका कुपोषण दर नियन्त्रण भित्रै अर्थात ज्यादै न्युन देखिन्छ । पालिकाहरुबाट समेत स्वास्थ्य सेवामा लगानी गरी निः शुल्क एम्बुलेन्स सेवा, घरदैलोमा नै गएर स्वास्थ्य परिक्षण तथा औषधी वितरण सेवा, विभिन्न विशेषज्ञ सेवा सहितका शिविरहरु संचालन जस्ता उदाहरणीय कार्यहरु पनि गर्दै आएको देखियो ।

- **न्याय निरुपण तर्फ,** अर्घाखाँची जिल्लाका पालिकाहरुमा दर्ता भएका कुल १०९ वटा मुद्दाहरुमध्ये ८० फछ्यौट भएको तथ्याङ्क अध्ययन गर्दाको अवधिसम्मको रहेको छ । न्याय निरुपणका लागि न्याय सेवाको दक्ष जनशक्ति अभाव देखिएको छ जसकारण न्यायसंगतको मुद्दा प्रकृया र निरुपण गर्न सकिएको छैन । पालिकाहरुमा औसत रुपमा २१ वटा ऐन, ५ वटा नियम तथा ३६ वटा कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण भएका छन् ।
- **खानेपानीको अवस्था हेर्दा,** करिब ९० प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगेको छ । कहि ग्राभिटी खानेपानी व्यवस्था छ भने कतै लिफ्टिङ्ग खानेपानी व्यवस्था गरिएको छ । बाँकी केही भुभागमा भौगोलिक विकतटाको कारणले खानेपानी सुविधाबाट बञ्चित हुन परेको र खानेपानीका लागि धेरै टाढाबाट ओसारपसार गर्नुपर्ने अवस्था देखिएको छ ।
- **समानता, समता र समावेशीकरणतर्फ हेर्दा,** सबै पालिकाहरु समता र समानताका लागि प्रतिबद्ध रहेको देखिन्छ । लक्षित बर्गलाई समेटिने किसिमबाट कार्यक्रमहरु पनि संचालन भएतापनि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) प्रतिवेदन भने अधिकांश पालिकाले तयार पारेका छैनन । वार्षिक बजेट तथा कार्यक्रममा पनि लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग (GRD Coding) केही पालिकाले गरेतापनि सबै पालिकामा अनिवार्य गरिएको छैन ।
- रोजगार सिर्जना गर्नको लागि **सीपमुलक तालिम र उद्यमशीला प्रवर्द्धन**का गर्ने कार्यक्रमहरु संचालन गरिएको भएतापनि तालिम लिने त्यसलाई आयआर्जनसंग जोडी स्वरोजगार बन्ने संख्या ज्यादै न्युन देखिएको छ ।
- **खेलकुदतर्फ,** प्रत्येक पालिकमा पालिकास्तरिय खेलकुद प्रतियोगिता गराउन काम चलाउको रुपमा केही मैदानहरुको निर्माण भएतापनि न्युनतम सुविधायुक्त खेलकुद मैदान निर्माण गर्न पर्याप्त बजेट विनियोजन भएको अवस्था देखिदैन ।खेलाडीहरुको प्रोत्साहनका कार्यक्रमहरु पनि कमै देख्न सकिन्छ ।

- **कृषि तथा पशुपन्छी विकासतर्फ हेर्दा**, अर्घाखाँचीका पालिकाहरुको आर्थिक विकासको मुख्य आधार नै कृषि तथा पशुपालन नै हुने गरेको छ । यस क्षेत्रमा परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरणका लागि आधुनिक मेसिन/उपकरणहरु अनुदानमा वितरण गरेको देखिन्छ । गोठ सुधार कार्यक्रम, दुधमा अनुदान, पशु खोप कार्यक्रम, कृषि पकेट क्षेत्र विस्तार जस्ता कार्यक्रमहरु संचालनमा रहेको देखियतापनि अनुदानलाई उत्पादनसंग जोड्न सकिएको छैन ।
- उत्पादित वस्तुको बजारीकरणका लागि **शीत भण्डार (Cold Storage) र संकलन केन्द्रहरूको प्रभावकारी सञ्चालन** अझै पनि पूर्ण हुन सकेको छैन ।केहीको पुर्वाधार निर्माण भएपनि मेसिनरी औजार जोडिएको छैन भने केहीमा शितभण्डार संचालन गर्ने सीप, ज्ञान क्षमताको कमि देखिएको छ ।
- **धार्मिक तथा ऐतिहासिक स्थल र पर्यटनतर्फ हेर्दा**, धार्मिक तथा ऐतिहासिक दृष्टिले हेर्दा अर्घाखाँची जिल्लामा यसको सम्भावना अधिक रहेको छ । यसरी धार्मिक तथा ऐतिहासिक स्थल निर्माण, संरक्षण, प्रवद्धन तथा प्रचारप्रसारको माध्यमबाट पर्यटक भित्र्याउन सबै पालिकाहरुले कार्यक्रम संचालन गरेको देखिन्छ ।
- **सहकारीतर्फ**, आर्थिक विकासको एक महत्वपुर्ण खम्बाको रुपमा रहेको सहकारीहरु यस अर्घाखाँची जिल्लामा राष्ट्रियस्तर, प्रदेशस्तर तथा स्थानीय तह स्तरका पनि संचालित छन् । पालिकाहरुमा आफ्नो मातहतका सहकारीको विवरण रहेतापनि त्यसको अद्यावधिक र निरन्तर अनुगमनको कार्य भने गरेको देखिदैन । वार्षिक रुपमा सम्बन्धित तालुक निकायहरुमा पठाउनुपर्ने प्रगति प्रतिवेदन, समयमै साधारणसभा गर्ने देखि अनेक किसिमका पारदर्शिता कायम नगरेका सहकारीहरु धेरै रहेका छन् ।यसका लागि नियमन गर्ने निकायको निरन्तर नियमन अति जरुरी देखिन्छ ।
- **पूर्वाधार विकासमा क्रमिक सुधारः** जिल्लाका सबै वडाहरूमा सडकको पहुँच पुगेको छ । यद्यपि, कालोपत्रे सडकको तुलनामा कच्ची सडकको हिस्सा धेरै रहेको र निर्मित सडकहरूको नियमित मर्मतसम्भार कोषको व्यवस्था अधिकांश पालिकामा नहुनुले पूर्वाधारको गुणस्तरमा चुनौती रहेको देखिन्छ ।
- सबैभन्दा गम्भीर पक्ष भनेको सडकको **नियमित मर्मतसम्भार (Routine Maintenance) को लागि छुट्टै कोष र कार्यविधि** अधिकांश पालिकामा नहुनु हो, जसले गर्दा बर्खायाममा सडक अवरुद्ध हुने र लगानी बालुवामा पानी जस्तै हुने जोखिम देखिन्छ ।

- **भवन निर्माण आचारसंहितातर्फ हेर्दा,** पालिकाहरुमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता (National Building Code) को आंशिक रुपमा मात्र पालना गरको र नक्सा पास गर्ने परिपाटीको विकास केही पालिकाहरुले गरेको पनि देखिन्छ ।अपाङ्गता तथा लैंगिक मैत्री हुनेगरि भवन निर्माण गर्ने गरिएको छ ।
- **सिँचाई र उर्जातर्फ हेर्दा, धेरैजसो खेतीयोग्य जग्गा बाँझो रहने र खेतीयोग्य जमिनामा निरन्तर सिँचाई सुविधाको अभाव रहेको देखिन्छ । भने करिब सबै घरधुरीमा राष्ट्रिय प्रसारण लाईन वा बैकल्पिक उर्जाको प्रयोग गरेको देखिउको छ ।**
- **वन, वातावरण र विपद् व्यवस्थापनतर्फ हेर्दा,** विपद् व्यवस्थापन कोषको स्थापना र उद्धार सामग्रीको व्यवस्था गरिएको देखिन्छ ।वार्षिकि रुपमा विपद् प्रतिकार्य योजना निर्माण पनि गरिएको हुन्छ । केही पालिकाहरुले भू-उपयोग योजना निर्माण गर्दै गरेको देखिएको छ भने स्थानीय अनुकुलन कार्ययोजना कुनै पालिकाले निर्माण गरेको देखिदैन । **फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट र प्रशोधन केन्द्रहरूको अभाव** देखिन्छ ।
- **संस्थागत क्षमता र जनशक्तितर्फ,** अर्घाखाँची जिल्ला सबै पालिकाहरुमा जनशक्ति अभाव रहेको तथ्याङ्कबाट स्पष्ट हुन्छ । प्रायः सबै स्थानीय तहमा स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन सकेको छैन । रिक्त दरबन्दीका कारण सेवा प्रवाह र प्रशासनिक कार्यमा असर परेको देखिन्छ। यद्यपि, विद्युतीय हाजिरी र राजस्व सङ्कलनमा प्रविधिको प्रयोग बढ्दै जानु सकारात्मक पक्ष हो । केही मात्रामा स्थानीय कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका तालिमहरु पनि गरिएको देखिन्छ ।
- **सुशासन र पारदर्शिताः** सबै पालिकाहरुमा नागरिक वडापत्र अद्यावधिक र सबैले देख्ने ठाँउमा राखिएको छ । गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र हेल्प डेस्कको व्यवस्था गरिएको छ । सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गर्ने परिपाटी बसेको छ । सूचना अधिकारीको विवरण वेवसाईटमा अद्यावधिक गरिएको छ । सबै पालिकामा आयोजनाहरुको सामाजिक/सार्वजनिक परीक्षण गर्ने कार्य गरिएको छ ।

## ४.२ निष्कर्ष तथा सुझावहरु (Conclusion and Recommendations )

**अर्घाखाँचीको स्थानीय तहहरुबाट भएको विगत पाँच वर्षको विकासलाई क्षेत्रगत रुपमा हेर्दा,**

- अर्घाखाँची जिल्लाका स्थानीय तहहरूले विगत पाँच वर्षमा आधारभूत सेवा प्रवाह (स्वास्थ्य, सडक सञ्जाल, खानेपानी र प्रशासनिक डिजिटल साक्षरता) मा उल्लेखनीय र प्रशंसनीय जग बसालेका छन्। कुल बजेटको ठूलो हिस्सा (४०% देखि ५५%) सामाजिक क्षेत्रमा लगानी हुनुले मानव विकासप्रतिको प्रतिबद्धता स्पष्ट पार्छ। तथापि, यो लगानीको ठूलो अंश पूर्वाधार र उत्पादकत्व वृद्धिमा भन्दा चालु प्रकृतिका खर्च (तलब-भत्ता) मा केन्द्रित हुनु, र वन, वातावरण तथा विपद् क्षेत्रमा न्यून बजेट (१.५३% देखि ४.१७%) विनियोजन हुनुले **"क्षेत्रगत असन्तुलन"** देखाउँछ।
- स्थानीय तहले संवैधानिक अधिकार, आवधिक योजनाको लक्ष्य र मध्यकालीन खर्च संरचनाको स्रोत सीमाभित्र रही दिगो विकास र स्थानीय आवश्यकताका आधारमा नतिजामुखी योजनाहरूलाई समेटी क्षेत्रगत रुपमा प्राथमिकता दिनुपर्ने।
- विनियोजित अनुदान उत्पादन र बजारसँग जोडिन सकेको छैन भने निर्मित सडकहरूको नियमित मर्मत कोष नहुँदा लगानीको दिगोपनामा गम्भीर प्रश्न खडा भएको छ। अतः अबको चरण परम्परागत वितरणमुखी ढाँचाबाट हटेर **"दिगो पूर्वाधार, उत्पादकत्व वृद्धि, नीतिगत सुदृढीकरण र परिणाममुखी सुशासन"** तर्फ केन्द्रित हुनुपर्ने देखिन्छ।

- **<u>सामाजिक विकासका क्षेत्रमा गर्नुपर्ने सुधारहरु:</u>**

  सामाजिक विकासको क्षेत्रमा सबैभन्दा बढी बजेट परेको देखिएतापनि त्यसको अधिकांश हिस्सा शिक्षक कर्मचारीको तलब भत्ता, सामाजिक सुरक्षाका रकम तथा चालु प्रकृतिको शिर्षकहरुको रहेकोले सुधार गर्नुपर्ने पक्षहरु रहेको देखिन्छ । जसलाई निम्नानुसार देखाईएको छः-

  - **विद्यालय गाभ्ने (Merge) र आवासीय विद्यालयः** कम विद्यार्थी भएका विद्यालयहरूलाई भएका १९ वटा विद्यालयहरूलाई तत्काल पायक पर्ने स्थानमा 'मर्ज' गर्ने र भौगोलिक रूपमा दुर्गमका विद्यार्थीका लागि **'नमूना आवासीय विद्यालय' (Model Residential School)** सञ्चालन गर्ने।
  - **शिक्षक दरबन्दी मिलानः** राजनीतिक दबाबमुक्त भई विद्यार्थी संख्याको आधारमा 'सफ्टवेयर' मार्फत स्वचालित शिक्षक दरबन्दी मिलान (Automatic Rescheduling) गर्ने।

- **'स्मार्ट' विद्यालय र आवासीय शिक्षा क्लष्टरः** विद्यार्थी घट्दै गएका भूगोलमा साना विद्यालयहरू बन्द गरी यातायात (School Bus) को सुविधा सहितको **'हब स्कुल'** विकास गर्ने। प्राविधिक शिक्षालयहरूमा भर्ना बढाउन उद्योग र निर्माण व्यवसायीहरूसँग सम्झौता गरी "ग्यारेन्टेड इन्टर्नसिप" मोडल लागु गर्ने।
- **प्राविधिक शिक्षालाई रोजगारी ग्यारेन्टीसँग जोड्नेः** छात्रवृत्तिसँगै 'सिक्दै कमाउँदै' (Learn & Earn) मोडेल र पालिकाका विकास आयोजनामा उक्त प्राविधिक जनशक्तिलाई इन्टर्नसिप र रोजगारीमा प्राथमिकता दिने नीति लिने। स्थानीय पाठ्यक्रममा पनि रैथाने ज्ञान, सीप र लघु उद्यमलाई प्रयोगको विषयका रुपमा समावेश गर्ने ।
- **'स्वास्थ्य चौकी-अस्पताल टेलिमेडिसिन सञ्जाल':** सबै वडाका स्वास्थ्य चौकीलाई प्रविधिमार्फत जिल्ला अस्पताल वा विशेषज्ञ अस्पतालसँग जोडी **'डिजिटल क्लिनिक'** र टेलिमेडिसिन सेवा सुरु गर्ने।
- **'स्वस्थ जीवनशैली र पहिचान'** कार्यक्रम मार्फत नसर्ने रोग (मटु, मधुमेह) को घरदैलो स्क्रिनिङलाई निरन्तरता दिने।
- **१५ सैय्याको अस्पतालः** अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका, मालारानी गाउँपालिका र पाणिनि गाउँपालिकामा १५ सैय्याको अस्पताल भवन निर्माण भै हस्तान्तरण भैसकेका भएपनि सो अस्पतालबाट संचालनका लागि **जनशक्तिको अभाव, बजेट र समन्वयको कमीका कारण** ओपिडी (OPD), आकस्मिक सेवा, प्रयोगशाला (Lab), र भर्ना लिने कार्यहरू सुचारु हुन सकेका छैनन्। तरपनि पालिकाहरुले आफ्नो छुट्टै कार्यविधिको निर्माण गरि आफ्नै स्रोत र बजेटबाट जनरल तथा आधारभुत सेवा प्रदान गर्न जनशक्तिको व्यवस्थापनको कार्य अगाडि बढाईरहेको विषय प्रशंसा गर्न लायक छ ।
- **'कानुनी सहायता डेस्क' (Legal Aid Desk):** प्रत्येक पालिकामा कम्तीमा एक जना कानुन स्नातक (LL.B.) वा कानुनी सल्लाहकार करारमा नियुक्ति गरी न्यायिक समितिको सचिवालय बलियो बनाउने।
- **मेलमिलाप केन्द्रको सुदृढीकरणः** प्रत्येक वडा कार्यालयमा एउटा मेलमिलाप केन्द्र स्थापना गर्ने र वडामा आएका विवादको समाधान सोही केन्द्रबाट गराउने व्ययवस्था गर्ने । वडा तहका मेलमिलापकर्ताहरूलाई पुनर्ताजगी र कानुनी प्रकृया सम्बन्धी नियमित तालिम प्रदान गर्ने।

- **अनिवार्य SDG,GRB कोडिङ्ग र GEDSI अडिटः** आगामी आर्थिक वर्षदेखि SuTRA सफ्टवेयरमा बजेट प्रविष्टि गर्दा नै **दिगो विकासका लक्ष्य तथा लैङ्गिक उत्तरदायी बजेट कोडिङ** अनिवार्य गर्ने। वार्षिक रूपमा पालिकाको 'GEDSI Audit' गरी प्रतिवेदन सार्वजनिक गर्ने।
- **अपाङ्गता र लैंगिक मैत्री भौतिक संरचनाः** पालिका र वडाका भवनहरू निर्माण गर्दा राष्ट्रिय भवन संहिता (NBC) को पूर्ण पालना गराई अनिवार्य ह्विलचेयर र्‍याम्प र अनुकूल शौचालय बनाउने।

- <u>आर्थिक विकासका क्षेत्रमा गर्नुपर्ने सुधारहरुः</u>

आर्थिक विकासको क्षेत्रमा मध्यम किसिमको बजेट विनियोजन गरेको देखिएतापनि अर्घाखाँची जिल्ला नै कृषि गर्ने मानिसको संख्या अत्याधिक रहेकोले आर्थिक विकासमा पर्याप्त बजेट विनियोजन हुनुपर्ने आवश्यकता देखिन्छ । साथै आर्थिक विकासमा भएको लगानीको मोडल परिवर्तन र उपयोगी बनाउन अपरिहार्य छ । जसमा निम्न उपायहरु अवलम्बन गर्न सकिन्छः

- **गुरुयोजना निर्माणः** कृषि, सिँचाईजस्ता महत्वपुर्ण विकासको क्षेत्रमा गुरुयोजना निर्माण गर्ने र सोही गुरुयोजनालाई कार्यान्वयन गर्दै लैजाने ।
- **शितभण्डार PPP मोडेलमा सञ्चालनः** अलपत्र शीतभण्डार र संकलन केन्द्रहरूलाई निजी क्षेत्र वा जिल्लाका अगुवा सहकारीसँग **सार्वजनिक-निजी-सहकारी साझेदारी (PPCP)** मोडेलमा सञ्चालन गर्न ठेक्का/सझौता गर्ने।
- **उत्पादनमा आधारित अनुदान (Output-based Subsidy):** मेसिन वा गोठ सुधारमा अग्रिम अनुदान दिनुको सट्टा उत्पादित दूध, तरकारी वा अन्नको परिमाणका आधारमा सोझै बैंक खातामा 'उत्पादन प्रोत्साहन' उपलब्ध गराउने।
- **भू-उयोग योजना र कृषि क्षेत्र निर्धारणः** पालिकाभित्रको माटो र भूगोल अनुकूल( सुन्तला, तरकारी, कफी, खाद्यान्न आदि) पकेट क्षेत्र घोषणा गरी व्यवसायिक उत्पादनमा जोड दिने ।
- **बाँझो जग्गाको उपयोगः** सामुहिक खेती तथा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जोडेर बाँझो जग्गाको उपयोग गर्ने, सामुहिक खेती गर्ने परम्पराको विकास गर्ने अथवा सहकारीको माध्यमबाट कृषि उत्पादनका लागि बाँझो जग्गामा लिजमा दिने व्यवस्था गर्ने ।

- **रैथाने उद्यम मोडलः** जिल्लामा तथा पालिकामा रहेको रैथाने कृषि तथा पशु उत्पादन, रैथाने उद्यम तथा रेथाने कलाहरुको संरक्षण गर्न त्यस्तै प्रकृतिको उत्पादन, होमस्टे, संस्कृति, चिनारी विकास गरि रैथाने उद्यम मोडल निर्माण गर्न सकिने ।
- **'एक वडा, एक उत्पादन पकेट'** नीतिलाई व्यावसायिक र चक्लाबन्दी खेती प्रणालीसँग आबद्ध गर्ने।
- **बजारीकरण र मुल्य ग्यारेण्टीः** कृषकले उत्पादन गरेका सामग्री विचौलियामुक्त बनाउन कृषि उपज संकलन केन्द्र र कृषि एम्बुलेन्सको प्रभावकारी संचालन गर्ने एवम् कृषि उत्पादनमा मुल्य ग्यारेण्टी गर्ने नीति लिने ।
- **'लिफ्ट सिँचाइ सौर्यकरण' (Solar-powered Lift Irrigation):** ऊर्जा पहुँच पुगिसकेकाले बाँझो जमिन भिजाउन नदी किनारका फाँटहरूमा सौर्य ऊर्जामा आधारित लिफ्ट सिँचाइ आयोजना सञ्चालन गर्ने।
- **सहकारीको मर्ज तथा उपयोगः** सहकारीहरु आवश्यकता भन्दा पनि रहरले दर्ता गर्ने र त्यसको प्रभावकारी संचालन नगर्नेको संख्या बढ्दै गएको देखिएकोले त्यस्ता सहकारीहरु बन्द वा मर्जको प्रकृयामा लैजाने । कतिपय कृषि सहकारीले उदेश्य अनुरुप काम गरेको नपाईएकोले त्यस्ता सहकारीहरुलाई पालिकाले कृषि क्षेत्रमा उत्पादन, संकलन र बजारीकरणमा सहकारीहरुको उपयोग वा साझेदारी गर्ने नीति लिने ।
- **'सहकारी नियमन सफ्टवेयर' र डिजिटल अनुगमनः** पालिका मातहतका सबै सहकारीको वित्तीय विवरण स्थानीय तहको डिजिटल प्रणालीमा अनलाइन प्रविष्टि गर्न अनिवार्य गर्ने। समयमै साधारणसभा र अडिट नगर्ने सहकारीको खाता रोक्का गर्ने।
- **'तालिमदेखि व्यवसायसम्म' (End-to-End Enterprise Concept):** परम्परागत तालिम बन्द गरी तालिम पश्चात् अनिवार्य रूपमा **'बिउ पुँजी' (Seed Money)** वा सहुलियतपूर्ण ऋण र व्यवसाय दर्ताको प्याकेज सँगै उपलब्ध गराउने।
- परम्परागत कृषि विकास मोडललाई क्रमभङ्ग गर्न अर्घाखाँचीका पालिकाहरूले निम्न ३ **'रूपान्तरणकारी अवधारणा'** अंगीकार गर्नुपर्दछः १. उत्पादनमा आधारित अनुदान २. सार्वजनिक-निजी-सहकारी साझेदारी ३. डिजिटल र दिगो पूर्वाधार ।
- **जङ्गली जनावरबाट कृषि बाली संरक्षण नीतिः** जैविक विविधताको रक्षा गर्दै कृषकको मिहिनेत जोगाउन पालिकाहरुले निम्न नीतिहरु प्रयोग गर्न सक्दछन् वा नयाँ विकल्पहरुको खोज गर्ने नीति लिनुपर्ने देखिन्छः-

I. **बैकल्पिक खेती प्रवर्द्धनः** जङ्गली जनावरले बढि दुःख दिने क्षेत्रहरुमा अन्नवालीको विकल्पमा जनावरले खान मन नपराउने तर बजारमा उच्च माग भएमा अमिलो जातका फलफुल, बेसार, अदुवा, सुर्यमुखी फूल, मसला वा जडिबुटी खेती गर्न कृषकलाई प्रोत्साहित गर्ने ।

II. **वन क्षेत्र र मानव बस्तीको सीमा व्यवस्थापनः** वन वातावरण र विपद् व्यवस्थापनको क्षेत्र अन्तर्गत जलाधार संरक्षण र वन क्षेत्रभित्रै जङ्गली जनावरका लागि उपयुक्त फलफुलका बोट विरुवा रोप्ने योजना बनाई जनावरलाई बस्तीमा आउनबाट रोक्ने नीति लिने ।

III. **बायो फेन्सिङ्ग वा जैविर बार (Bio-fencing):** खेतको चारैतिर जनावरले मन नपराउने वा काडाँ भएका बोटविरुवा (जस्तैः केतुकी, सिउडी, कागती, मेन्था वा टिमुर आदि) बाक्लो गरी रोपेर प्राकृति बार निर्माण गर्न सकिने ।

- **बाली विमा र क्षतिपूर्ति कोषको स्थापनाः** जङ्गली जनावरले बालीनाली नष्ट गरेमा कृषकलाई तत्काल राहत र क्षतिपूर्ति दिने गरि स्थानीय बाली तथा पशुपन्छी बीमा कोष स्थापना गर्ने कानूनी प्रावधान सहित कार्यविधि निर्माण गर्न ।

- <u>पुर्वाधार विकासका क्षेत्रमा गर्नुपर्ने सुधारहरुः</u>

सामाजिक विकास पछि सबैभन्दा बढी लगानी भएको क्षेत्र पुर्वाधार विकास हो । पुँजीगत बजेटको करिब दुई तिहाई हिस्सा ओगटेको यस क्षेत्रमा सडक पुर्वाधार, प्रशासनिक भवनसमेतका संरचना, पुल निर्माणजस्ता क्षेत्रमा विगत पाँच बर्षदेखि प्राथमिकतामा परेको विषय हो । पुर्वाधार विकासमा लगानीसंगै त्यसको दिगोपना र संरक्षणमा अब लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ ।यस क्षेत्रको सुधारका लागि निम्न उपायहरु अवलम्बन गर्न सकिन्छः-

- **गुरुयोजना निर्माणः** यातायात तथा पर्यटन जस्ता महत्वपुर्ण विकासको क्षेत्रमा गुरुयोजना निर्माण गर्ने र सोही गुरुयोजनालाई कार्यान्वयन गर्दै लैजाने ।
- **'सडक नियमित मर्मतसम्भार कोष' (Routine Maintenance Fund) को स्थापनाः** प्रत्येक पालिकाले अनिवार्य रूपमा कुल पूर्वाधार बजेटको निश्चित प्रतिशत मर्मत कोषमा राख्ने र "सडक मर्मत कार्यविधि" पारित गरी हेभी

- **नयाँ ट्र्याक खोल्न बन्दः** आगामी ५ वर्षसम्म नयाँ कच्ची सडक खन्न पूर्ण रोक लगाई भएका सडकको स्तरोन्नति, नाला निर्माण र कालोपत्रे/ग्राभेलमा ध्यान दिने।
- सडकहरुमा भुक्षय पहिरो रोक्नका लागि **जियो/बायो इन्जिनियरिङ्ग** समेतको सुरुवात गर्ने ।
- **पर्यटन सर्किट निर्माणः** यस अर्घाखाँची जिल्लाको सुपादेउराली, खाँचीकोट मृगस्थली झरना, अर्घा भगवती, मालारानी, छत्रमहाराज मन्दिर र पाणिनि तपोभूमिजस्ता पर्यटकिय तथा ऐतिहासिक स्थलहरु जोडि पर्यटन सर्किट निर्माण गर्न सकिने । यसका लागि आ-आफ्नो पालिकाले बजेट विनियोजन गर्ने ।
- **हरित पूर्वाधार र पर्यावरण अनुकूल विकासः** अबको पूर्वाधार निर्माण केवल कंक्रिटको मात्र हुनु हुँदैन। 'एक घर, दुई रुख', सडक किनारमा वृक्षारोपण, र पानीका मुहान संरक्षण गर्ने नीति लिनुपर्छ। बाटो खन्दा **वातावरण प्रभाव मूल्यांकन (EIA/IEE)** लाई अनिवार्य गर्ने र बायो-इन्जिनियरिङ प्रविधि अपनाएर भू-क्षय रोक्ने कार्यक्रम ल्याउन सकिन्छ।
- **राष्ट्रिय भवन संहिता (National Building Code) को कार्यान्वयनः** भवनको नक्सा स्वीकृत गर्दा राष्ट्रिय भवन संहिता (NBC) अनिवार्य लागू गर्नुपर्छ। विशेषगरी व्यापारिक र बहुतले भवनहरूको हकमा संरचनागत डिजाइन (Structural Design) र माटो परीक्षण (Soil Test) रिपोर्ट माग गर्ने र सोही अनुसार मात्र स्वीकृति दिने।

- <u>वन, वातावरण र विपद् व्यवस्थापनका क्षेत्रमा गर्नुपर्ने सुधारहरुः</u>

वन, वातावररण र विपद् व्यवस्थापन क्षेत्रमा सबैभन्दा कम लगानी भएको क्षेत्र हो । अर्घाखाँची जिल्ला वनडढेलो, बाढी पहिरोजस्ता विपद्को दृष्टीले जोखिमको जिल्ला हो । त्यस्तै बाँदर बदेल आतंक बढी भएकोले कृषि विकासमा समेत नकरात्मक असर गरेको यस क्षेत्रमा स्थानीय तहहरुमा लगानी बढाउनुपर्ने, त्यसको पूर्व तयारीका लागि सबै व्यवस्थापनका लागि अहिले भएको बजेट विनियोजन अपुग रहेको देखिन्छ । साथै विपद् व्यवस्थापन कोषमा रहेको रहेको रकम समेत सदुपयोग हुन नसकेको अवस्था विद्यमान छ । वन, वातावरण र विपद् व्यवस्थापनको क्षेत्रमा निम्न सुधारहरु गर्न आवश्यक देखिन्छः-

- **विपद् बजेट वृद्धि र LAPA निर्माणः** वन र वातावरण क्षेत्रको बजेट कम्तीमा कुल बजेटको ७% पुऱ्याउने। सबै पालिकाले **स्थानीय अनुकूलन कार्ययोजना (LAPA)** निर्माण गर्ने।

- **'फोहोरबाट मोहर' (Waste to Energy/Wealth) परियोजनाः** खुला फाल्ने (Dumping) परिपाटी अन्त्य गर्न छिमेकी पालिकाहरूसँग सहकार्य गरी **'संयुक्त फोहोरमैला प्रशोधन केन्द्र'** स्थापना गर्ने र कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरी कृषि शाखा मार्फत किसानलाई वितरण गर्ने।
- **बसाईसराई व्यवस्थापनः** विकासलाई केवल भौतिक पुर्वाधार विकासमा मात्र सिमित नराखी प्रत्येक वडा तथा बस्तीमा गुणस्तरीय शिक्षा, चौबीसै घण्टा स्वास्थ्य सेवा, बाह्रै महिना चल्ने सडकको सुनिश्चितता गरि स्वरोजगार, नवप्रवर्तन, उद्यमशीलता विकासका माध्यमबाट रोजगारी र आयआर्जनको ग्यारेण्टी गर्ने नीति लिने ।
- **"हरित सडक" (Green Road) र बायो-इन्जिनियरिङको अनिवार्य प्रयोगः**पालिकाले सडक खन्दा वा पूर्वाधार बनाउँदा इन्जिनियरिङ डिजाइनमै वातावरण संरक्षणको पाटो अनिवार्य गर्नुपर्छ। डोजरले खनेका नाङ्गा भिरहरूमा अम्रिसो, बाँस जस्ता गहिरो जरा जाने वनस्पति रोप्ने (बायो-इन्जिनियरिङ) र सडकको दुवैतर्फ रुख रोपेर मात्र योजना फछ्र्यौट गर्ने नीति लिने।
- जलाधार संरक्षण र "रिचार्ज पोखरी" अभियानः पानीका मुहान सुक्ने समस्या समाधानका लागि डाँडाकाँडा र वन क्षेत्रमा साना-साना **पानी पुनर्भरण (Recharge) पोखरीहरू** खन्ने। यसले एकातिर भूमिगत जलस्तर बढाउँछ भने अर्कोतिर वर्षाको पानी सिधै बगेर गइ तल्लो तटीय क्षेत्रमा पहिरो र बाढी जाने जोखिम घटाउँछ।
- **सामुदायिक वनहरूसँग सहकार्य र पर्या-पर्यटनः** पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समूहहरूसँग मिलेर वनको वैज्ञानिक व्यवस्थापन गर्ने। वन डढेलो नियन्त्रणका लागि वारुणयन्त्र (फायर फाइटर) तालिम दिने र अग्निरेखा (Fire Lines) निर्माण गर्ने। वनलाई पर्या-पर्यटन (Eco-tourism) सँग जोडेर पालिकाको आन्तरिक आम्दानीको स्रोत बनाउने।
- **"हरित विद्यालय" (Green School) र जलवायु शिक्षाः** आगामी पुस्तालाई वातावरणप्रति सचेत गराउन पालिकाभित्रका विद्यालयहरूमा पर्या-क्लब (Eco-Club) गठन गर्ने।स्थानीय पाठ्यक्रममा समसेत जलवायु शिक्षालाई समावेश गर्ने । विद्यालय वरपर हरियालीका लागि **"एक विद्यार्थी, एक रुख"** जस्ता रचनात्मक कार्यक्रम लागू गर्ने।
- **फोहोरको जैविक व्यवस्थापनः** प्लाष्टिकजन्य फोहोर व्यवस्थापन ठूलो चुनौती हो। पालिकाले निश्चित माइक्रोनभन्दा कमका प्लाष्टिक झोलालाई प्रतिबन्ध लगाउने, बजारको

फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न लगाई कुहिने फोहोरबाट **कम्पोष्ट मल** बनाई कृषिसँग जोड्ने कार्यक्रम थोरै लगानीमै गर्न सकिन्छ।

- **बहु-सरोकारवाला संयन्त्र र "स्वयंसेवा संस्कृति" को विकासः** वातावरण र विपद् व्यवस्थापन केवल सरकारी बजेटले मात्र सम्भव हुँदैन। पालिकाले रेडक्रस, स्थानीय क्लब, आमा समूह, र गैरसरकारी संस्थाहरूसँग नेटवर्क बनाएर सँगै काम गर्नुपर्छ। "महिनामा एक दिन वातावरणका लागि स्वयंसेवा" जस्ता अभियान चलाएर नागरिकलाई अपनत्व महसुस गराउने।

- **सुशासन तथा संस्थागत विकासका क्षेत्रमा गर्नुपर्ने सुधारहरुः**

चालु प्रकृतिको लगानीमा सबैभन्दा बढी लगानी भएको क्षेत्र भएतामा पनि समग्रमा चौथो बढी लगानी हुने क्षेत्र हो । कर्मचारी तथा जनप्रतिनिधिहरुको तलब, क्षमता विकास, कार्यालय संचालन, सुशासनको क्षत्रेमा लगानी हुने गरेको छ । यसमा पनि कर्मचारीको व्यवस्थापन तथा क्षमता विकासको उपक्षेत्रमा भने कम नै लगानी भएको देखिन्छ । यस क्षेत्रको सुधारका लागि निम्न उपायहरु अवलम्बन गर्न सकिन्छः

- **लोकसेवामा माग र अन्तर-स्थानीय तह समन्वयः** रिक्त दरबन्दीहरूका पदहरु तत्काल प्रदेश किताबखानामा दर्ता गरि प्रदेश लोकसेवा आयोगमा तत्काल माग गरी पठाउने। पदपूर्ति नभएसम्म प्राविधिक कार्यका लागि पालिकाहरूले आपसी समन्वयमा **Shared Human Resources वा** विज्ञ रोष्टर परिचालन गरि एक आपसमा अन्तर स्थानीय तह समन्वय स्थापना गर्ने ।
- **नतिजामा आधारित कार्यसम्पादन (KPI आधारित मूल्याङ्कन)**: कर्मचारीहरूको कार्यसम्पादनलाई नागरिक सन्तुष्टि र आयोजना फछ्र्यौटको दरसँग जोड्ने।कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि पर्याप्त बजेटको सुनिश्चितता गर्ने ।
- **अन्तर-पालिका रणनीतिक साझेदारी (Inter-Local Government Partnership):** पर्यटन मार्ग (सुपा देउराली, अर्घा दरबार, नुवाकोट, मालारानी, छत्रमहाराजको मन्दिर, ठाडा दह, पाणिनि तपोभूमि आदि), फोहोरमैला प्रशोधन र ठूला लिफ्ट खानेपानी आयोजनाहरू एउटा पालिकाको स्रोतले मात्र धान्न नसक्ने हुँदा, जिल्लाका कम्तिमा सबै पालिका मिलेर बृहत्तर आयोजनाहरू सञ्चालन गर्ने।

- **बजेट र योजनाको 'डिजिटल ट्र्याकिङ' (Project Bank):** विगत ५ वर्षदेखि एउटै क्रममा रहेको योजनाको प्राथमिकता बदल्न र खुद्रे योजनाहरू रोक्न **'आयोजना बैंक' (Project Bank)** अनिवार्य गर्ने। संभाव्यता अध्ययन र प्रतिफल सुनिश्चित नभएका योजनामा बजेट विनियोजन नगर्ने प्रणाली (SUTRA को पूर्ण उपयोग) स्थापित गर्ने।
- **क्षमता विकासः** स्थानीय तहमा काम गर्ने कर्मचारी तथा जनप्रतिनिधिहरुको कार्य क्षमता विकासका तालिम, पुनर्ताजगी तालिम, सकरात्मक सोच, योगा जस्ता तालिममा अनिवार्य रुपमा बजेट विनियोजन गर्नुपर्ने ।
- **सेवा प्रवाहमा पूर्ण डिजिटलाइजेसन (Paperless Service)**-नागरिकले साना-साना सिफारिस, नाता प्रमाणित वा कर तिर्न पनि घण्टौं लाइन बस्नुपर्ने र पालिका धाइरहनुपर्ने बाध्यताको अन्त्य हुनुपर्छ। प्रत्येक वडा र पालिकामा अनलाइन सेवा प्रणाली (जस्तैः डिजिटल सिफारिस, अनलाइन राजस्व भुक्तानी) लागू गरी सेवालाई छिटो, छरितो र झन्झटमुक्त बनाउने।
- खरिद प्रक्रिया र ठेक्का व्यवस्थापनमा पारदर्शिता (SuTRA र e-GP को पूर्ण कार्यान्वयन) बजेट निर्माण, लेखांकन र वित्तीय प्रतिवेदनका लागि **सुत्र (SuTRA)** प्रणाली र ठेक्कापट्टामा **इलेक्ट्रोनिक सरकारी खरिद (e-GP)** प्रणालीलाई अनिवार्य र त्रुटिरहित ढंगले सञ्चालन गर्ने। यसले आर्थिक अनियमिता रोक्न र बेरुजू न्यूनीकरण गर्न ठूलो मद्दत पुऱ्याउँछ।
- आवधिक र प्रभावकारी जनसुनवाई तथा सार्वजनिक परीक्षण (Social Audit)-पालिकाहरूले खुद्रे योजनादेखि ठूला आयोजनाहरू सम्पन्न हुँदा अनिवार्य रूपमा **सार्वजनिक परीक्षण (Public Hearing)** गराउनुपर्छ। वर्षमा कम्तीमा दुई पटक सर्वसाधारण, सरोकारवाला र सञ्चारकर्मीको उपस्थितिमा **जनसुनवाई** गरी नागरिकका गुनासा सिधै सुन्ने र आत्मालोचनासहित सुधार गर्ने संस्कृति बसाल्नुपर्छ।
- **सूचनाको हक (Right to Information) को पालनाः** प्रत्येक तीन महिनामा पालिकाको आम्दानी र खर्चको विवरण सूचना अधिकारीमार्फत स्वतः प्रकाशन (Proactive Disclosure) गर्ने।
- **कानुन निर्माण, परिमार्जन र स्थानीय राजपत्रको नियमितताः** धेरै पालिकाहरू आवश्यक ऐन, कार्यविधि र निर्देशिका नहुँदा अलमलिएका छन् वा संघको हुबहु नक्कल गरिरहेका छन्। आफ्नो भूगोल र आवश्यकता सुहाउँदो कानुन निर्माण गर्ने, न्यायिक समितिलाई कानुनी

सल्लाहकार र तालिममार्फत सक्षम बनाउने र निर्माण भएका कानुनलाई स्थानीय राजपत्रमा नियमित प्रकाशन गर्ने ।

- **सदाचार नीति र शून्य सहनशीलता (Zero Tolerance to Corruption)-** कर्मचारी र जनप्रतिनिधिहरूका लागि अनिवार्य **"आचारसंहिता र सदाचार नीति"** लागू गर्ने। आर्थिक अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) लाई बलियो बनाउने र भ्रष्टाचार तथा ढिलासुस्तीविरुद्ध पालिका प्रमुखकै तहबाट शून्य सहनशीलताको नीति व्यावहारिक रूपमा कार्यान्वयन गर्ने।
- **अनुगमन तथा मूल्यांकन संयन्त्रको सुदृढीकरणः** योजनाहरू कागजमा सम्पन्न हुने तर फिल्डमा काम नहुने बेथिति रोक्न उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा रहने **अनुगमन समितिलाई** अधिकारसम्पन्न र प्राविधिक रूपमा दक्ष बनाउनुपर्छ। उपभोक्ता समिति वा ठेकेदारलाई अन्तिम भुक्तानी दिनुअघि प्राविधिक टोलीको स्थलगत प्रतिवेदनलाई अनिवार्य र पारदर्शी बनाउने।

## अनुसूचि-१

## स्थलगत अनुगमन तथा छलफल गर्दाका तस्विरहरु
















Accurate
Industries











पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची
स्था: २०७३








शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल




छत्रदेव गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय
३ नं. वडा कार्यालय
छत्रदेव-३, बल्कोट, दुन्द्रक - अर्घाखाँची


हीरक महोत्सव




छत्रदेव गाउँपालिका
बल्कोट प्राथमिक स्वास्थ्य केन्द्र
छत्रदेव- २, बल्कोट
निःशुल्क सुरक्षित गर्भपतन सेवा यहाँ उपलब्ध छ।
यहाँ १२ हप्ता सम्मको गर्भलाई पूर्ण गोपनीयताका साथ निःशुल्क सुरक्षित गर्भपतन सेवा प्रदान गरिन्छ।
बल्कोट प्राथमिक स्वास्थ्य केन्द्र
छत्रदेव-२, बल्कोट, अर्घाखाँची






भूमिकास्थान नगरपालिका नुवाकोट,अर्घाखाँची






सन्धिखर्क नगरपालिका

<u>अनुसूचि-२</u>

## अर्घाखाँची जिल्लाको सन्तुलित विकासको प्रतिवेदन तयार गर्ने प्रयोजनार्थ तयार गरिएको <u>प्रश्नावली</u>

**नगरपालिका/गाउँपालिकाको नामः**

**भिजिट गरेको मितिः**

- **ताँहा पालिकाको चालु तथा विगत पाँच वर्षको क्षेत्रगत बजेट प्रतिशत कति रहेको छ ?**

| क्षेत्र | आर्थिक वर्ष (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सुशासन तथा संस्थागत विकास | | | | | |
| सामाजिक विकास | | | | | |
| पुर्वाधार विकास | | | | | |
| आर्थिक विकास | | | | | |
| वन वातावरण तथा विपद् व्यवस्थापन | | | | | |
| जम्मा | | | | | |

- **उपक्षेत्रगत रुपमा चालु आर्थिक वर्षसम्मको हालसम्मको प्रगतिको अवस्थाः-**

**1= <u>सुशासन तथा संस्थागत विकासः</u>**

**क.<u>संस्थागत व्यवस्थापन (प्रशासनिक संरचना र दरबन्दी)</u>**

1) पालिकाको स्वीकृत सङ्गठन संरचना (O&M) अनुसार हाल कर्मचारी दरबन्दी संख्या र पदपूर्तिको अवस्था कस्तो रहेको छ?
   - कुल दरबन्दी संख्याः
   - पदपुर्ति भएको संख्याः
   - रिक्त रहेको संख्या
   - करारमा रहेको कर्मचारी संख्या(शिक्षक) बाहेकः
2) **वडा कार्यालयहरूको भौतिक पूर्वाधारको अवस्था कस्तो रहेको छ ?**
   - **कुल वडा संख्याः**
   - **आफ्नै वडा कार्यालय भवन रहेको वडा संख्याः**
   - **आफ्नै वडा कार्यालय भवन नरहेको वडा संख्याः**
   - **भाडाको भवनमा रहेको वडा संख्याः**
3) **नागरिक बडापत्र (Citizen Charter) अद्यावधिक गरी देखिने स्थानमा राखिएको छ?**
   - **नागरिक वडा पत्र अद्यावधिक रहेको छ/छैनः**
   - **सबैले देखिने स्थानमा राखेको छ/छैनः**

**ख.<u>सुशासन र पारदर्शीताः</u>**

1) **चालु आर्थिक वर्षको हालसम्म भएको सार्वजनिक सुनुवाई (Public Hearing) संख्याः**
2) **आयोजनाहरूको सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक परीक्षण गर्ने परिपाटी छ/छैनः**

3) सूचना अधिकारीको व्यवस्था र सूचनाको हक सम्बन्धी प्रतिवेदन त्रैमासिक रूपमा प्रकाशन हुने गरेको छ/छैन?
    - सूचना अधिकारीको नाम/नम्बरः
    - सूचना अधिकारीको विवरण वेभसाईटमा रहेको छ/छैनः
    - त्रैमासिक रुपमा स्वतः प्रकाशन गरिएको छ/छैनः
    - स्वतः प्रकाशन वेवसाईटमा अपलोड गरिएको छ/छैनः
4) गुनासो सुन्ने अधिकारी र 'हेल्प डेस्क' को व्यवस्था प्रभावकारी छ कि छैन?
    - गुनासो सुन्ने अधिकारीको नाम/नम्बरः
    - चालु आ.व. को हालसम्म दर्ता भएको उजुरी संख्याः फछ्यौटः
    - हेल्प डेस्कको व्यवस्था भए/नभएकोः
    - हेल्फ डेस्कमा तत्काल कर्मचारी रहेको/नरहेकोः

ग. सङ्गठन तथा मानव संशाधन विकासः

1) कर्मचारीहरूको कार्यविवरण (Job Description) तोकी जिम्मेवारी प्रदान गरिएको छ/छैनः
2) कर्मचारीहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रमको वार्षिक योजना छ/छैः भएको भए बजेट रकमः
3) हाजिरी व्यवस्थापन (E-attendance) भएको/नभएकोः
4) इ-हाजिरीलाई केन्द्रिय सर्भरसंग जोडिएको/नजोडिएकोः

घ. योजना तर्जुमा र कार्यान्वयनः

1) बस्ती/टोल स्तरबाट योजना छनोट गर्दा समावेशी सहभागिता (महिला, दलित, अपाङ्गता भएका व्यक्ति) सुनिश्चित गरिएको छ/छैनः
2) समिक्षा कार्यक्रमः वार्षिक समीक्षाः अर्ध-वार्षिक समीक्षाः
3) सञ्चालित योजनाहरूको अनुगमन समितिले नियमित अनुगमन गरी प्रतिवेदन बुझाउने गरेको छ/छैनः

ङ. आन्तरिक नियन्त्रण र स्रेस्ता व्यवस्थापनः

1) पालिकाको 'आन्तरिक नियन्त्रण प्रणाली' (Internal Control System) तयार भई कार्यान्वयनमा छ/छैनः त्यसको अवधिः
2) PAM प्रणाली प्रयोगमा रहे/नरहेकोः
3) खर्च भएर नजाने सबै मालसामानको मुल्य निर्धारण गरिएको छ/छैनः
4) राजस्व सङ्कलन विधुतीय प्रणालीबाट गर्ने गरिएको छ/छैनः

## 2= सामाजिक विकास (Social Development)

### क. शिक्षा (आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापन)

1) पालिकाको आफ्नै 'स्थानीय शिक्षा ऐन' र 'नियमावली' तर्जुमा भई कार्यान्वयनमा छ/छैनः
2) विद्यालय संख्याः सामुदायिकः ............... संस्थागतः....... अन्यः .........
3) सामुदायिक विद्यालयहरुमध्यै सबैभन्दा बढी विद्यार्थी भएको विद्यालयमा विद्यार्थी संख्याः
4) सामुदायिक विद्यालयहरुमध्यै सबैभन्दा बढी विद्यार्थी भएको विद्यालयमा विद्यार्थी संख्याः
5) विद्यार्थी-शिक्षक अनुपात (STR)=
6) स्यानीटरी प्याड वितरणको अवस्थाः एक छात्रालाई मासिक १ प्याकेट पुग्ने छ/छैनः
7) पालिकाले आफ्नो स्थानीय पाठ्यक्रम निर्माण गरि लागू गरेको छ/छैनः
8) शिक्षाको गुणस्तर तथा प्राविधिक/व्यावसायिक शिक्षामा पहुँच बढाउन पालिकाले के-कस्ता कार्यक्रम ल्याएको छ?
   -

ख. <u>स्वास्थ्य (आधारभूत स्वास्थ्य सेवा र खोप)</u>

1) पालिका भित्रका सबै वडामा आधारभूत स्वास्थ्य केन्द्र वा स्वास्थ्य संस्थाको पहुँच छ/छैनः
2) पूर्ण खोप सुनिश्चितता र दीगोपनाका लागि नियमित अनुगमन र सूक्ष्म योजना (Micro-planning) बनेको छ/छैनः
3) आधारभूत स्वास्थ्य केन्द्रहरूमा सरकारले तोकेका निःशुल्क औषधिहरू (Essential Medicines) पर्याप्त मात्रामा उपलब्ध गरिएको छ/छैनः
4) स्वास्थ्य प्रोटोकल अनुसार ANC visit%= PNC visit%=
5) संस्थागत सुत्केरीको प्रतिशतः
6) पालिकाभित्र अति शीघ्र कुपोषण (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कुपोषण (Moderate Acute Malnutrition: MAM) भई OTC/ITC/NRC भर्ना भएका बालबालिकाको संख्याः निको भएको संख्याः

ग. <u>कानुन निर्माण र न्याय सम्पादन</u>

1) पालिकाले निर्माण गरेका ऐन, नियम, कार्यविधिहरू 'स्थानीय राजपत्र' मा प्रकाशन भएका छन्/छैननः
2) ऐनको संख्याः ....... नियमको संख्याः....... कार्यविधि/निर्देशिका/मापदण्डको संख्याः....
3) न्यायिक समितिमा परेका उजुरीहरूको प्रगतिः
   - चालु आ.व.मा दर्ता भएको उजुरी दर्ताः
   - कारवाही/किनारा लागेको संख्याः
   - मेलमिलापबाट किनारा लागेको मुद्दा संख्याः
   - स्थानीय तहको फैसला उपर पुनरावेदन परे/नपरेकोः ........ परेको भए संख्याः......
4) मेलमिलाप केन्द्रहरू वडा स्तर सम्म गठन भई सक्रिय रहेका छन्/छैननः
5) न्यायिक समितिको इजलास भएको/नभएकोः............ कर्मचारी खटाईएको अवस्थाः

घ. <u>खानेपानी तथा सरसफाइ</u>

1) एक घर एक धारा नीति अन्तर्गत आधारभुत खानेपानी सेवा पुगेको घरधुरी प्रतिशतः

2) सार्वजनिक स्थान र विद्यालयहरूमा अपाङ्गता र लैङ्गिक मैत्री **(Accessible & Gender Friendly)** शौचालयको रहेको/नरहेकोः

ङ. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI)</u>

1) लैंगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण **(GEDSI)** प्रतिवेदन तयार भएको /नभएकोः
2) आयोजना/कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग **(GRD coding)** भएको/नभएकोः
3) स्थानीय बाल अधिकार समिति निर्माण भए/नभएकोः
4) बाल कल्याण अधिकारी नियुक्त गरिएको/नगरिएकोः
5) लक्षित कार्यक्रमको अवस्थाः

| लक्षित समुह | कार्यक्रम रहे/नरहेको | रहेको भए | | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | कार्यक्रम संख्या | कुल बजेट | |
| बालबालिका लक्षित | | | | |
| ज्येष्ठ नागरिक लक्षित | | | | |
| अपाङ्ग लक्षित | | | | |
| एकल महिला लक्षित | | | | |

च. <u>युवा, खेलकुद तथा संस्कृति संरक्षण</u>

1) युवा स्वरोजगारका लागि सीपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमः
    - कुल योजना संख्याः ................. कुल बजेटः.....................
    - हालसम्म कार्यान्वयन भएको योजना संख्याः .....................
    - लाभान्वित युवा संख्याः............
2) पालिका स्तरमा खेलकुद मैदान अवस्थाः
3) लोपोन्मुख भाषा, कला र संस्कृतिको जगेर्नाका लागि वार्षिक कार्यक्रम संख्या र बजेटः
4) स्थानीय रैथाने ज्ञान र सीपलाई प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरू भए/नभएकोः
    - भएको भए कार्यक्रमको नामः बजेटः

## 3= <u>आर्थिक विकास (Economic Development)</u>

क. <u>कृषि तथा पशुपन्छी विकास</u>

1) पालिकाको 'कृषि गुरुयोजना' तयार भई कार्यान्वयनमा छ/छैनः
2) कृषि/पशु पकेट क्षेत्र निर्धारण गरिएको छ/छैनः
3) पकेट क्षेत्र रहेको अवस्थामा कृषि पूर्वाधारको पहुँच पुगेको छ/छैनः
4) वडागत रुपमा कृषि/पशु प्राविधिकको व्यवस्था गरिएको छ/छैनः
5) कृषिमा नवप्रवर्तन/यान्त्रीकरणमार्फत उत्पादकत्व बृद्धिका लागि गरिएको कार्यक्रमः
    - कृषकको क्षमता विकासका लागि भएको कार्यक्रम संख्याः
    - कुल बजेटः
    - कार्यान्वयनको अवस्थाः
    - कृषि प्रविधि उपकरण खरिद तथा हस्तान्तरण गरेको भए सो को विवरणः

6) कृषि उत्पादनको बजारीकरणका लागि भएको व्यवस्थाः-
   - शीत भण्डार संख्याः अवस्थाः
   - कृषि उपज संकलन केन्द्रको संख्याः अवस्थाः
   - कृषि एम्बुलेन्सको संख्याः अवस्थाः
   - हाट बजार लाग्ने स्थानको संख्याः अवस्थाः

7) बजारीकरणका लागि सहकारी/निजी/सार्वजनित संख्थासंग सम्झौता भएको/नभएको, भएको भए सम्झौता भएको संस्थाः

8) रैथाने बीउ/बाली संरक्षण र प्रवद्धनका लागि गरिएको कार्यक्रमः-
   - कार्यक्रमको नामः
   - बजेटः
   - कार्यान्वयनको अवस्थाः

9) पशुजन्य माहामारी नियन्त्रणका लागि तोकिएको खोप लगायत आवश्यक उपचारको प्रबन्ध भएको/नभएकोः

10) बाँझो जग्गा उपयोग सम्बन्धि कुनै कार्यक्रम भए सो खुलाउनेः

11) अन्य कार्यक्रमहरु भए सो खुलाउनेः

## ख. उद्योग तथा पर्यटन प्रवर्द्धन

1) पालिका भित्र साना तथा घरेलु उद्योग/फर्म दर्ता संख्याः .......... दर्ता भएका मध्ये हाल नवीकरण गरिएको प्रतिशतः..........

2) स्थानीय उद्यम विकास समितिको नियमित बैठक बस्ने गरेको छ/छैनः

3) साझा सुविधा केन्द्र, उद्यम घर, कोशेली घर वा विक्री केन्द्र स्थापना गरिएको छ/छैनः

4) सम्भाब्य पर्यटकीय क्षेत्र संरक्षण, सम्बद्धन र पूर्वाधार विकासका लागि कुनै कार्यक्रम भए सो को विवरणः

| क्र.स. | कार्यक्रमको नामः | बजेट | कार्यान्वयन अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## ग. सहकारी र वित्तीय क्षेत्र व्यवस्थापन

1) पालिकाको कार्यक्षेत्र भित्र पर्ने COPO-MIS मा दर्ता भएको सहकारीको संख्याः

2) सहकारी हेर्न कर्मचारी तोकिएको छ/छैनः

3) पालिकाबाट सहकारीको अनुगमन/नियमन भएको भए अनुगमन संख्याः

4) सहकारीहरुले लेखापरिक्षण प्रतिवेदन पठाउने गरेको छ/छैनः अभिलेख छ/छैनः

5) सहकारीहरुलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम छ/छैनः

6) वित्तीय साक्षरता अभिवृद्धिको लागि कुनै कार्यक्रम भएको छ/छैन, भएको भए के कार्यक्रम नामः

घ. रोजगारी सिर्जना र नवप्रवर्तनः

1) राष्ट्रिय रोजगार प्रवद्धन कार्यक्रम र अन्य स्थानीय रोजगार कार्यक्रममार्फत न्यूनतम १०० दिनको रोजगारी पाएका संख्याः
2) बैदेशिक रोजगारीबाट फर्केकाहरुको योग्यता, सीप, अनुभव उद्यम तथा व्यवसायमा संलग्नता सहितको विवरण अद्यावधिक गरिएको छ/छैनः
3) नवप्रवर्तन वा स्थानीय कच्चा पदार्थमा आधारित उद्यम संचालन गर्ने उद्यमीलाई प्राथमिकतामा राखी शुरुवाती पुँजी (Start Up Capital) वा साझेदारीमा सहुलियततपूर्ण कर्जा उपलब्ध गराएको छ/छैन ? छ भने कति जनालाई कति रकम उपलब्ध गराईयो ?
   लाभान्वित संख्याः उपलब्ध गराईएको रकमः

## 4= पूर्वाधार विकास (Infrastructure Development)

क. सडक, पुल र यातायात व्यवस्थापन

1) पालिकाको 'नगर/गाउँ यातायात गुरुयोजना' (MTMP) स्वीकृत भएको छ/छैनः
2) निर्मित सडकहरूको नियमित मर्मतसम्भार (Routine Maintenance) कोष र कार्यविधि निर्माण गरिएको छ/छैनः
3) सडकको अवस्थाः
   - कालोपत्रे/पक्की सडकको कुल लम्बाईः
   - ग्रावेल सडकको कुल लम्बाईः
   - कच्ची सडकको कुल लम्बाईः
   - नयाँ ट्र्याक खुलाउने योजना छ/छैनः
   - कुल पक्की/मोटोरेवल पुलको संख्याः....... झलुङ्गे पुलको संख्याः..... अन्य पुलः .....
   - सडकको पहुँच पुगेको वडा संख्याः
   -

ख. भवन, बस्ती विकास र सहरी पूर्वाधार

1) भवन निर्माण गर्दा 'राष्ट्रिय भवन संहिता' (National Building Code) पालना गरिएको छ/छैनः
2) सार्वजनिक भवनहरू (कार्यालय, विद्यालय, स्वास्थ्य चौकी) अपाङ्गता मैत्री छ/छैनः

ग. सिँचाइ र ऊर्जा (विद्युतीकरण)

1) खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ पुऱ्याउन साना सिँचाइ वा लिफ्ट सिँचाइको अवस्थाः
2) राष्ट्रिय प्रसारण लाइन वा वैकल्पिक ऊर्जा (सोलार/लघु जलविद्युत) पहुँच पुगेको घरधुरीमा प्रतिशतः

## 5= वन, वातावरण तथा विपद् व्यवस्थापन

क. वन, वातावरण संरक्षण र जलाधार व्यवस्थापन

1) भू उपयोग योजना निर्माण गरेको छ/छैनः
2) स्थानीय अनुकुलन कार्ययोजना छ/छैनः
3) फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईट/ प्रशोधन केन्द्र निर्माण गरिएको छ/छैनः
4) फोहोर उत्पादन हुने स्थानमा नै बर्गीकरण गरिएको छ/छैनः
5) पानीका मुहान संरक्षण र जलाधार क्षेत्र व्यवस्थापनका लागि भएको कार्यक्रमः

ख. विपद् व्यवस्थापन (पूर्व तयारी र प्रतिकार्य)

1) पालिकाको 'विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना' (EPRP) अद्यावधिक छ/छैनः
2) पालिका स्तरीय 'विपद् व्यवस्थापन कोष' मा पर्याप्त बजेटको व्यवस्था गरिएको छ?
3) खोज तथा उद्धारका लागि आवश्यक सामग्री (Disaster Kits) हरु तथा एम्बुलेन्स दमकल समेतको विवरणः

| क्र.स. | सामाग्री/साधनको नामः | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

4) स्थानीय विपद व्यवस्थापन समितिको बैठक बसेको छ/छैनः
5) साझेदारी संस्थासंगको समन्वय र सहकार्यमा विपद् प्रतिकार्यको पूर्वाभ्यास संचालन गरेको/नगरेकोः
6) राष्ट्रिय विपद पोर्टलमा विवरण अद्यावधिक गरिएको छ/छैनः

<u>सन्दर्भ सामाग्री</u>


- नेपालको संविधान, २०७२।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४।
- १५ औं/१६ औं आवधिक योजना, राष्ट्रिय योजना आयोग, नेपाल सरकार।
- नेपाल दिगो विकास लक्ष्य (SDG) स्थिति तथा मार्गचित्र (२०१६-२०३०) प्रतिवेदन, राष्ट्रिय योजना आयोग।
- लुम्बिनी प्रदेशको सन्तुलित प्रादेशिक विकास सम्बन्धी प्रादेशिक नीति तथा प्रतिवेदनहरू।
- **SuTRA प्रणालीः** अर्घाखाँची जिल्लाका ६ वटै स्थानीय तहको वार्षिक बजेट, नीति तथा कार्यक्रम र वास्तविक खर्चको विद्युतीय अभिलेख (Sub-National Treasury Reform Application)।
- सन्धिखर्क, शितगंगा र भूमिकास्थान नगरपालिकाको हालैको वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य (आर्थिक वर्ष २०८२/८३)।
- छत्रदेव, पाणिनी र मालारानी गाउँपालिकाको वार्षिक विकास योजना तथा स्वीकृत बजेट पुस्तिका (आर्थिक वर्ष २०८२/८३)।
- ६ वटै स्थानीय तहको "स्थानीय तह पाशर्वचित्र" (Local Tah Profile) र उपलब्ध भए आवधिक विकास योजना।
- जिल्ला समन्वय समिति (जिसस) अर्घाखाँचीको वार्षिक अनुगमन तथा प्रगति समीक्षा प्रतिवेदनहरू।
- राष्ट्रिय जनगणना २०७८ः अर्घाखाँची जिल्लाको साङ्ख्यिकीय प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय (साविक केन्द्रीय तथ्याङ्क विभाग), काठमाडौं।
- नेपाल मानव विकास प्रतिवेदन (Nepal Human Development Report), राष्ट्रिय योजना आयोग र UNDP।
- जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, अर्घाखाँची आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन तथा शिक्षा विकास तथा समन्वय ईकाई, अर्घाखाँचीको प्राप्त विद्यालय विवरण ।
- दिगो विकास लक्ष्यहरूः स्थानीयकरण दिग्दर्शन २०७७. नेपाल सरकार, सिंहदरबार, काठमाडौं।
- www.google.com